पूर्ण खोप, सुरक्षित भविष्य

## राष्ट्रिय खोप कार्यक्रम

### पाठेघरको मुखको क्यान्सर गराउने Human Papillomavirus विरुद्धको

# एच.पि.भी. खोप सेवा सञ्चालन निर्देशिका

## २०८१




जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
**स्वास्थ्य सेवा विभाग**
**परिवार कल्याण महाशाखा**
टेकु, काठमाडौं ।

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आ.व. २०८१/८२ देखि नियमित खोप सेवामा एच.पि.भी. खोप समावेश गरी देशभरी यो खोप सेवा सञ्चालन गर्न गराउन संघ, प्रदेश, जिल्ला, स्थानीय तह र स्वास्थ्य संस्थामा कार्यरत खोपसंग सम्बन्धित कार्यक्रम अधिकृत, स्वास्थ्य व्यवस्थापक, सुपरीवेक्षक, खोप केन्द्रमा खटिने खोपदिने स्वास्थ्यकर्मी र स्वयंसेवक तथा अन्य स्वास्थ्यकर्मीहरूलाई मार्गदर्शन प्रदान गर्ने उद्देश्यले यो निर्देशिका तयार गरिएको हो ।

यो निर्देशिका तर्जुमा गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त निर्देशन र राष्ट्रिय खोप सल्लाहकार समितिको सुझाव एवं एच.पि.भी. खोप सम्बन्धी विश्व स्वास्थ्य संगठनको निर्देशिकालाई आधार बनाइएको छ ।

यो निर्देशिका तयार गर्दा संघीय तहमा राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र र व्यवस्थापन महाशाखाबाट विशेष योगदान भएको छ भने प्रदेश तहको स्वास्थ्य सम्बन्धी मन्त्रालय, स्वास्थ्य निर्देशनालय र स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको समेत योगदान रहेको छ । साथै निर्देशिकाको प्रारम्भिक मस्यौदा तर्जुमा गर्ने गोष्ठिमा उपस्थित विभिन्न जिल्लाका स्वास्थ्य कार्यालय र स्थानीय तहका सहभागी प्रतिनिधीहरूबाट प्राप्त सुझावहरू पनि समेटिएको छ ।

यो निर्देशिका तर्जुमा गर्ने क्रममा राष्ट्रिय खोप कार्यक्रममा सहयोग र सहकार्य गर्दै आएका विश्व स्वास्थ्य संगठन, युनिसेफ र वाटरएडबाट समेत उल्लेखनीय सहयोग प्राप्त भएको छ ।

---

नेपालको राष्ट्रिय खोप कार्यक्रमलाई निरन्तर सहयोग गर्दै आएका विकास साझेदारहरू:

Gavi The Vaccine Alliance

unicef

World Health Organization Nepal

प्रदीप पौडेल
Pradip Paudel

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री
Minister for
Health and Population

नेपाल सरकार
Government of Nepal
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
Ministry of Health and Population

☎ : ०१-५-३६२५३४
: 01-5-362534
Website:www.mohp.gov.np

रामशाहपथ, काठमाडौं, नेपाल
Ramshahpath, Kathmandu, Nepal

पत्र संख्या (Ref. No.): ०९/८२ चलानी नं. (Dispatch No.): ४४२ मिति (Date):..................................

**मन्तव्य**

नेपालमा खोप कार्यक्रम विगत चार दशकभन्दा लामो समय देखि सञ्चालन गरिँदै आएको छ। राष्ट्रिय खोप कार्यक्रमबाट समेत परिचित यस कार्यक्रम नेपाल सरकारको पहिलो प्राथमिकता प्राप्त कार्यक्रम हो । यस कार्यक्रमले शिशु तथा बाल मृत्यु दर घटाउनमा विशेष योगदान पुऱ्याएको छ। नेपालको राष्ट्रिय खोप तालिकामा हालसम्म १० वटा खोपहरू समावेश गरिएको छ र ती खोपहरू गर्भवती महिला तथा बालबालिकालाई नियमित सेवाको रुपमा दिइदै आइएको छ। बढ्दै गएको रोगहरूको भार तथा विश्व बजारमा खोपको उपलब्धता साथै आर्थिक स्रोतको व्यवस्थापनलाई समेत ख्याल गरेर सो कार्यक्रममा अन्य खोपहरूलाइ समेत नियमित थप्दै जाने नेपाल सरकारको नीति छ।

यस आर्थिक वर्षको नीति तथा कार्यक्रममा "पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप कार्यक्रम कार्यान्वयनमा ल्याउने" उल्लेख छ। यसको कार्यान्वन गर्न तथा पाठेघरको मुखको क्यान्सरको जोखिम कम गर्न र रोकथाम गर्न किशोरीहरूलाई लक्षित गरेर सो क्यान्सर गराउने Human Papilloma virus विरुद्धको एच.पि.भी. खोप सेवा यस आ.व. देखि सुरु गरिदैछ। नेपालमा यस क्यान्सरका विरामीको संख्या बढ्दै गएको र यसलाई सन् २०३० सम्ममा जनस्वास्थ्यको समस्या नरहने गरी निवारण गर्ने विश्वव्यापी लक्ष्य हासिल गर्न राष्ट्रिय अभियानका रुपमा पहिलो वर्ष १० देखि १४ वर्ष उमेर समूहका किशोरीहरूलाई एच.पि.भी. खोप प्रदान गरिँदैछ भने आगामी वर्ष देखि नियमित खोप सेवाको रुपमा १० वर्ष उमेरका किशोरीहरुलाई प्रदान गरिनेछ।

यस अभियान सञ्चालन गर्न आवश्यक एच.पि.भी. खोप तथा आर्थिक र प्राविधिक सहयोग प्रदान गर्ने विश्वव्यापी संस्था गाभीलाई विशेष धन्यवाद दिन चाहन्छु। यसैगरी नेपालको खोप कार्यक्रमलाई विगत लामो समय देखि आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्दै आएका विश्व स्वास्थ्य संगठन, युनिसेफ तथा वाटरएडलाई समेत धन्यवाद दिन चाहन्छु। एच.पि.भी. खोप कार्यक्रम सफलतापूर्वक सञ्चालन गर्न गराउन संघीय, प्रदेश र स्थानीय तहको तहको महत्वपूर्ण भूमिका रहने भएकोले स्वास्थ्य, शिक्षा क्षेत्र, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, नागरिक समाज लगायत सरोकारवाला सबैको सक्रिय सहभगिता, समन्वय र सहकार्यका लागि आव्हान गर्दछु।

यस अभियानलाइ संस्थागत र व्यवस्थित तवरले संचालनका लागि हामीले निर्देशिका समेत जारी गरिसकेका छौं। यो निर्देशिका मुख्यत एच.पि.भी. खोप सेवा सञ्चालनको योजना तर्जुमा र कार्यान्वयन गर्ने तहमा खटिने स्वास्थ्यकर्मीहरूलाई लक्षित छ। साथै, यस निर्देशिका सबै तहका स्वास्थ्य ब्यवस्थापक एवं सम्बन्धित सबैका लागि उपयोगी हुनेछ भन्ने विश्वास लिएको छु।

प्रदीप पौडेल
मन्त्री

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
(..............................................................शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

रामशाहपथ, काठमाडौं, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :-
चलानी नं. :-

मिति : ..........................

विषय :- **हाम्रो भनाई**

नेपालमा पाठेघरको मुखको क्यान्सर जनस्वास्थ्य समस्याको रुपमा रहेको छ । महिलाहरूमा हुने विभिन्न क्यान्सरहरू मध्ये पाठेघरको मुखको क्यान्सर दोस्रो स्थानमा रहेको र क्यान्सरबाट महिलाहरूको मृत्यु हुने पहिलो मुख्य कारण रहेको भनी यस सम्बन्धी पछिल्लो प्रतिवेदनले देखाएको छ । विश्वको अवस्था हेर्ने हो भने महिलाहरूमा हुने विभिन्न प्रकारका क्यान्सरहरू मध्ये पाठेघरको मुखको क्यान्सर चौथो मुख्य क्यान्सरको रुपमा रहेको देखिएको छ ।

उपरोक्त तथ्यहरूलाई दृष्टिगत गरी पाठेघरको मुखको क्यान्सर रोग निवारण गर्ने लक्ष्य हासिल गर्नेतर्फ उन्मुख हुन विश्व स्वास्थ्य संगठनले तीनवटा स्वास्थ्य सेवाहरूको गन्तव्य निर्धारण गरेको छ । जसमा पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप, उच्च गुणस्तरीय विधीबाट पाठेघरको मुखको परीक्षण र पाठेघरको मुखको क्यान्सर निदान भएका महिलाहरूको उपचार पर्दछन् । ती मध्ये नेपालमा दोस्रो र तस्रो सेवा विगत लामो समयदेखि उपलब्ध गराईदै आएकोमा यस वर्ष देखि यो रोग विरुद्धको एच.पि.भी. खोप सेवा देशव्यापी रुपमा सुरुवात गरिंदैछ यद्यपि यो खोप सेवा परीक्षणको रुपमा केही स्थानमा विगतमा सञ्चालन गरिएको थियो ।

यसै सन्दर्भमा खोपदिने स्वास्थ्यकर्मी एवम् खोप केन्द्रमा खटिने स्वयंसेवकहरूलाई मार्गदर्शन प्रदान गर्ने उद्देश्यले यो निर्देशिका तयार गरिएको छ । यद्यपि यो निर्देशिकाले खोप कार्यक्रमसँग सम्बन्धित कार्यक्रम अधिकृत,, विभिन्न तहका स्वास्थ्य व्यवस्थापक,, सुपरीवेक्षक र अन्य स्वास्थ्यकर्मीलाई समेत मार्गदर्शन पुग्ने अपेक्षा गरिएको छ ।

अन्त्यमा, यो निर्देशिका तयार गर्ने कार्यमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने स्वास्थ्य सेवा विभागको परिवार कल्याण महाशाखा लगायत राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र, व्यवस्थापन महाशाखालाई धन्यवाद दिन चाहन्छु । साथै यो वर्ष सञ्चालन गरिने एच.पि.भी. खोप अभियानमा गाभीबाट प्राप्त आर्थिक तथा प्राविधिक सहयोगको लागि गाभीलाई धन्यवाद दिन चाहन्छु । साथै खोप कार्यक्रममा निरन्तर आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्दै आएका विश्व स्वास्थ्य संगठन, युनिसेफ र वाटरएडलाई समेत धन्यवाद दिन चाहन्छु ।

हरि प्रसाद मैनाली
सचिव

डा. रोशन पोखरेल
सचिव

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
......... महाशाखा

४-२६१७१२
४-२६१४३६
फ्याक्सः ४-२६२२६८

पचली, टेकु
काठमाडौं, नेपाल ।

पत्र संख्याः-

चलानी नम्बरः-

# प्राक्कथन

महिलाहरूलाई हुने पाठेघरको मुखको क्यान्सर संसारका सबै देशहरूमा नै जनस्वस्थ्य समस्याको रुपमा देखिएको छ । नेपाली महिलाहरूमा हुने विभिन्न प्रकारका क्यान्सरहरू मध्ये पाठेघरको मुखको क्यान्सर दोस्रो मुख्य स्थानमा रहेको देखिन्छ भने क्यान्सरको कारणबाट महिलाहरूको मृत्यु हुनेमा यो पहिलो मुख्य कारण रहको छ ।

पाठेघरको मुखको क्यान्सरलाई जनस्वास्थ्य समस्याको रुपमा नरहने अवस्थामा पुऱ्याउन विश्व स्वास्थ्य संगठनले सन् २०३० सम्मको लागि तीनवटा स्वास्थ्य सेवाको गन्तव्य निर्धारण गरेको छ जसमा १० देखि १४ वर्षसम्मका किशोरीहरूलाई यो रोग विरुद्धको एच.पि.भी. खोप दिने, ३० वर्षभन्दा माथिको उमेरका महिलाहरूलाई पाठेघरको मुखको क्यान्सरको परीक्षण (स्क्रिनिङ्ग) गर्ने र यो रोगको निदान भएका महिलाहरूलाई उपचार गर्ने पर्दछन् । नेपालमा यी तिनै प्रकारका सेवाहरू देशभरी विस्तार गरेर यो रोग निवारण गर्ने तर्फ उन्मुख हुनु हामी सबैको कर्तव्य रहेको छ ।

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पाठेघरको मुखको क्यान्सर रोग विरुद्धको एच.पि.भी. खोप राष्ट्रिय खोप तालिकामा समावेश गरेर यो खोपलाई नियमित खोप सेवाको रुपमा प्रदान गर्ने नीति लिएको छ । यो खोप प्रारम्भिक किशोरावस्थामा लगाएमा बढी प्रभावकारी हुने बैज्ञानिक तथ्य भएकोले १० देखि १४ वर्षको उमेरभित्र हरेक किशोरीलाई एच.पि.भी. खोप प्रदान गर्ने लक्ष्य लिएर आ.व. २०८१/८२ देखि यो खोप सेवा देशभरी नै विस्तार गर्न लागिएको हो । त्यसैले पहिलो वर्ष अभियानको रुपमा कक्षा ६ देखि १० सम्मका छात्राहरू र विद्यालय नजाने १० देखि १४ वर्ष सम्म उमेरका किशोरीहरूलाई लक्षित गरेर यो खोप प्रदान गरी भविष्यमा पाठेघरको मुखको क्यान्सर हुनबाट सुरक्षित गर्ने लक्ष्य लिएको छ भने त्यसपछि कक्षा ६ का छात्राहरू र विद्यालय नजाने १० वर्ष उमेरका किशोरीहरूलाई हरेक वर्ष यो खोप नियमित खोपको रुपमा प्रदान गर्ने नीति अवलम्बन गरिएको छ । यस महान अभियानलाई सफल बनाउन स्वास्थ्य लगायत शिक्षा क्षेत्र एवं सरोकारवाला सबैको सहयोग जरुरी हुन्छ । अतः यो खोप सेवा सफलतापूर्वक सम्पन्न गर्नमा सरोकारवाला सबैको सहयोग प्राप्त हुनेछ भन्नेमा मैले पूर्ण विश्वास लिएको छु ।

अन्त्यमा, यो निर्देशिका तयार गर्ने कार्यमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने परिवार कल्याण महाशाखा र सम्बन्धित शाखाका कर्मचारीहरू एवं यो कार्यक्रममा सहयोग पुऱ्याउने गाभी लगायत विश्व स्वास्थ्य संगठन, युनिसेफ, वाटरएड लगायत सम्बद्ध अन्य निकायहरूलाई धन्यवाद दिन चाहन्छु ।

डा. विकास देवकोटा
महानिर्देशक

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
परिवार कल्याण महाशाखा

☎ ४-२६१७१२
४-२६१४३६
फ्याक्सः ४-२६२२६८

पचली, टेकु
काठमाडौं, नेपाल ।

पत्र संख्याः-

चलानी नम्बरः-

# हाम्रो भनाई

नेपालमा महिलाहरूमा हुने विभिन्न क्यान्सरहरू मध्ये पाठेघरको मुखको क्यान्सर दोस्रो स्थानमा रहेको देखिन्छ भने क्यान्सरको कारणबाट महिलाहरूको मृत्यु हुनेमा यो पहिलो स्थानमा रहको छ । यसै सन्दर्भमा पछिल्लो तथ्यांक अनुसार नेपालमा प्रत्येक दिन करिब ४ जना महिलाको मृत्यु पाठेघरको मुखको क्यान्सरबाट हुन्छ भन्ने अनुमान गरिएको छ । यो रोग विश्वभरी नै ब्याप्त छ । यिनै वस्तु स्थितीलाई विश्लेषण गरेर पाठेघरको मुखको क्यान्सरलाई जनस्वास्थ्य समस्याको रुपमा नरहने अवस्थामा पुर्‍याउन सन् २०३० सम्मको लागि तीनवटा स्वास्थ्य सेवाको गन्तव्य निर्धारण गरेको छ जसमा १० देखि १४ वर्षसम्मका किशोरीहरूलाई यो रोग विरुद्धको एच.पि.भी. खोप दिने, ३० वर्षभन्दा माथिको उमेरका महिलाहरूलाई पाठेघरको मुखको क्यान्सरको परीक्षण (स्क्रिनिङ्ग) गर्ने र यो रोगको निदान भएका महिलाहरूलाई उपचार पर्दछन् । यी तिनै प्रकारका सेवाहरू देशभरी नै विस्तार गरेर यो रोग निवारण गर्ने तर्फ उन्मूख हुनु स्वास्थ्य सेवा क्षेत्रमा संलग्न हामी सबैको कर्तव्य हो ।

यसै सन्दर्भमा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पाठेघरको मुखको क्यान्सर रोग विरुद्धको एच.पि.भी. खोप राष्ट्रिय खोप तालिकामा समावेश गरेर यो खोपलाई नियमित खोप सेवाको रुपमा प्रदान गर्ने नीति लिएको छ । यो खोप प्रारम्भिक किशोरावस्थामा लगाएमा बढी प्रभावकारी हुने बैज्ञानिक तथ्य भएकोले १० देखि १४ वर्षको उमेरभित्र हरेक किशोरीलाई एच.पि.भी. खोप प्रदान गर्ने लक्ष्य लिएर आ.व. २०८१/८२ देखि यो खोप सेवा देशभरी नै विस्तार गर्न लागिएको हो । तसर्थ पहिलो वर्ष कक्षा ६ देखि १० सम्मका छात्राहरू र विद्यालय नजाने १० देखि १४ वर्ष उमेरका किशोरीहरूलाई लक्षित गरेर यो खोप प्रदान गरी भविष्यमा पाठेघरको मुखको क्यान्सर हुनबाट सुरक्षित गर्ने लक्ष्य लिएको छ भने त्यसपछि कक्षा ६ का छात्राहरू र विद्यालय नजाने १० वर्ष उमेरका किशोरीहरूलाई नियमित खोपको रुपमा हरेक वर्ष यो खोप प्रदान गर्ने नीति अवलम्बन गरिएको छ । यस अभियानलाई सफल बनाउन स्वास्थ्य लगायत शिक्षा क्षेत्र एवं सरोकारवाला सबैको सहयोग जरुरी हुन्छ ।

यो निर्देशिका मुख्यतः खोपदिने स्वास्थ्यकर्मी र खोप केन्द्रमा खटिने स्वयंसेवकहरूलाई मार्गदर्शन प्रदान गर्ने उद्देश्यले तयार गरिएको हो यद्यपि खोप कार्यक्रमसँग सम्बन्धित कार्यक्रम अधिकृत, विभिन्न तहका स्वास्थ्य व्यवस्थापक, सुपरीवेक्षक र अन्य स्वास्थ्यकर्मीलाई समेत मार्गदर्शन पुग्नेछ भन्ने विश्वास गरिएको छ । अन्त्यमा, नेपालको राष्ट्रिय खोप कार्यक्रममा सहयोग गर्ने गाभी तथा हामीसँग सहकार्य गर्दै आएका विश्व स्वास्थ्य संगठन, युनिसेफ र वाटरएडलाई हार्दिक धन्यवाद दिन चाहन्छौं ।

डा. अभियान गौतम
प्रमुख
बाल स्वास्थ्य तथा खोप सेवा शाखा

डा. विवेक कुमार लाल
निर्देशक
परिवार कल्याण महाशाखा

# विषय सूचि


| | | |
|---|---|---|
| भाग १ : पाठेघरको मुखको क्यान्सर | | १-३ |
| १.१ | परिचय | १ |
| १.२ | रोग सर्ने माध्यम | २ |
| १.३ | लक्षण तथा चिन्हहरू | २ |
| १.४ | रोकथाम | ३ |
| भाग २ : एच.पि.भी. खोप | | ४-६ |
| २.१ | परिचय | ४ |
| २.२ | सिकोलिन (Cecolin) खोप | ५ |
| भाग ३ : एच.पि.भी. खोप सेवा सञ्चालन | | ७-२९ |
| ३.१ | पृष्ठभूमि | ७ |
| ३.२ | औचित्य | ८ |
| ३.३ | लक्ष्य | ८ |
| ३.४ | आ.व. २०८१/८२ मा सञ्चालन गरिने एच.पि.भी. खोप अभियान | ९ |
| ३.४.१ | लक्षित समूह | ९ |
| ३.४.२ | लक्षित संख्या | ९ |
| ३.४.३ | खोप अभियान सञ्चालन कार्यनीति | ९ |
| ३.४.४ | खोप अभियान सञ्चालन मिति | १० |
| ३.४.५ | खोप अभियान सञ्चालनको पूर्वतयारी | १० |
| ३.४.६ | खोप सेवा सञ्चालन र व्यवस्थापन | १७ |
| ३.४.७ | प्रयोग गरेको सिरिन्ज, निडिल र अन्य फोहरको विर्सजन | २६ |
| ३.४.८ | समीक्षा तथा मूल्याङ्कन | २६ |

| | | |
|---|---|---|
| ३.५ | आ.व. २०८२/८३ देखि सञ्चालन गरिने नियमित एच.पि.भी. खोप सेवा | २६ |
| | ३.५.१ लक्षित समूह | २६ |
| | ३.५.२ खोप सेवा सञ्चालन कार्यनीति | २६ |
| | ३.५.३ खोप सेवा सञ्चालन मिति | २७ |
| | ३.५.४ खोप सेवा सञ्चालनको पूर्वतयारी | २७ |
| | ३.५.५ खोप सेवा सञ्चालन तथा व्यवस्थापन | २८ |
| | ३.५.६ अभिलेख तथा प्रतिवेदन | २९ |

**भाग ४ : खोप तथा कोल्ड चेन व्यवस्थापन** ३०-३३

| | | |
|---|---|---|
| ४.१ | परिचय | ३० |
| ४.२ | खोप सामग्रीको वितरण | ३१ |

**भाग ५ : ए.ई.एफ.आई.को निगरानी** ३४-३९

| | | |
|---|---|---|
| ५.१ | परिचय | ३४ |
| ५.२ | निश्चित कारणको आधारमा ए.ई.एफ.आई.को वर्गिकरण | ३५ |
| ५.३ | गम्भीर प्रकारका ए.ई.एफ.आई.को व्यवस्थापन | ३६ |
| ५.४ | सुईको डर वा चिन्ताले देखिने प्रतिक्रिया | ३६ |
| ५.५ | एनाफाइलेक्सिस् | ३८ |
| ५.६ | एनाफाइलेक्सिस्को तत्काल गर्नुपर्ने उपचार र व्यवस्थापन | ३८ |

**भाग ६ : एच.पि.भी. खोप सेवासँगै महिनावारी स्वास्थ्य र सरसफाइको प्रवर्द्धन** ४०

**भाग ७ : बजेटको व्यवस्था र खर्च गर्ने आधार** ४१-४७

| | |
|---|---|
| अनुसूचीहरू | ४८ |
| सन्दर्भ ग्रन्थहरूको सूची | ६९ |

# भाग १

# पाठेघरको मुखको क्यान्सर

## १.१ परिचय

पाठेघरको मुखको क्यान्सर (Cervical Cancer) को मुख्य कारण Human Papillomavirus (एच.पि.भी.)को संक्रमण हुनु हो । एच.पि.भी. भाइरस २०० भन्दा धेरै प्रजातिहरू (Serotypes) हुन्छन् । तीमध्ये हालसम्म मानव शरीरमा क्यान्सर गराउने जोखिम १२ प्रकारका प्रजातिहरूबाट हुन्छ । ती हुन् : प्रजाति १६, १८, ३१, ३३, ३५, ३९, ४५, ५१ ५२, ५६, ५८ र ५९ । तीमध्ये सबैभन्दा बढी जोखिम प्रजातिहरू १६ र १८ रहेका छन्[१] । नेपालमा ८०% पाठेघरको मुखको क्यान्सर एच.पि.भी.प्रजाति १६ र १८ बाट भएको देखिन्छ[२] ।




संसारमा हरेक वर्ष ५,७०,००० महिलालाई पाठेघरको मुखको क्यान्सर हुन्छ र यो संख्या बृद्धि भएर सन् २०३० सम्ममा ७,००,००० सम्म पुग्ने अनुमान गरिएको छ । त्यसैगरी यो रोगबाट हरेक वर्ष ३,११,००० जना महिलाहरूको मृत्यु हुन्छ र यो संख्या बृद्धि भएर सन् २०३० सम्ममा ४,००,००० पुग्ने अनुमान गरिएको छ । महिलाहरूमा हुने विभिन्न प्रकारका क्यान्सरहरू मध्ये पाठेघरको मुखको क्यान्सर चौथो मुख्य क्यान्सरको रुपमा रहेको देखिएको छ[३] । विश्व स्वास्थ्य संगठनको सन् २०२० को तथ्यांक अनुसार, संसारका ८८% पाठेघरको मुखको क्यान्सरका विरामीहरू तथा मृत्यु हुने संख्या न्यून र मध्यम आय भएका देशहरूमा देखिएको छ ।

नेपालमा हरेक वर्ष २,१६९ जना महिलालाई पाठेघरको मुखको क्यान्सर हुन्छ र यसबाट हरेक वर्ष १,३१३ जना (औसतमा प्रत्येक दिन ४ जना) महिलाहरूको मृत्यु हुन्छ भन्ने अनुमान छ । महिलाहरूमा हुने विभिन्न प्रकारका क्यान्सरहरू मध्ये पाठेघरको मुखको क्यान्सर दोस्रो मुख्य कारण रहेको छ र क्यान्सरबाट महिलाको मृत्यु हुने पहिलो मुख्य कारण रहेको छ[४] ।

पाठेघरको मुखको क्यान्सर रोकथाम गर्न सकिने रोग हो । यो रोग विरुद्धको खोप लगाएमा एच.पि.भी. भाइरसको संक्रमण हुनबाट सुरक्षित हुन सकिन्छ । यो खोप प्रारम्भिक किशोरावस्थामा लगाएमा बढी

१ Human Papillomavirus Vaccines: WHO Position Paper, 2022 update.

२ (Bruni L et al., ICO/IARC Information Centre on HPV and Cancer (HPV Information Centre). Human Papillomavirus and Related Diseases in Nepal. Summary Report 22 October 2021)

३ Global strategy to accelerate the elimination of cervical cancer as a public health problem, WHO 2020.

४ Cancer Today, GLOBOCAN 2022. Global Cancer Observatory. https://gco.iarc.fr.

प्रभावकारी हुन्छ । यो खोपको लागि प्रारम्भिक किशोर अवस्था भन्नाले १० देखि १४ वर्षको उमेरलाई बुझाउनेछ । पाठेघरको मुखको क्यान्सरको पहिचान शुरुको अवस्थामा नै भयो भने उपचार गरेर निको हुनसक्छ ।

विश्व स्वास्थ्य संगठनले यो रोगलाई जनस्वास्थ्य समस्याको रुपमा नरहेको अवस्थामा पुऱ्याएर निवारण गर्ने लक्ष्य लिएको छ जसअनुसार यो रोगको नयाँ विरामी प्रति एकलाख महिलाहरूमा प्रति वर्ष ४ भन्दा कम संख्यामा सिमित राख्नु हो ।

**९०%**
**१० देखि १४ वर्ष उमेर भित्रका किशोरीहरूलाई पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप दिने ।**

**९०%**
**३० देखि ४९ वर्ष उमेर समूहका महिलाहरूको पाठेघरको मुखको क्यान्सरको परीक्षण (स्किनिङ्ग) गर्ने ।**

**९०%**
**पाठेघरको मुखको क्यान्सर निदान भएका महिलाहरूको उपचार गर्ने ।**

**पाठेघरको मुखको क्यान्सर रोग निवारण गर्ने लक्ष्य हासिल गर्ने तर्फ उन्मुख हुन विश्व स्वास्थ्य संगठनले सन् २०३० सम्ममा तीनवटा स्वास्थ्य सेवाको निश्चित गन्तव्य निर्धारण गरेको छ जसमा नेपाल सरकारले तिनवटै सेवाको कभरेज कम्तिमा ९० % हासिल गर्ने लक्ष्य लिएको छ ।**

## १.२ रोग सर्ने माध्यम

*ह्यूमन प्यापिलोमा भाइरस*बाट संक्रमित व्यक्तिको यौनाङ्गको छाला, म्युकस मेम्ब्रेन (Mucous Membrane), यौनाङ्गबाट निस्कने तरल पदार्थसँगको सम्पर्कबाट यो रोग सर्छ । त्यसैले यो रोग मुख्य गरेर उक्त भाइरसबाट संक्रमित व्यक्तिसँग यौन सम्पर्कबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्छ ।

## १.३ लक्षण तथा चिन्हहरू

- यौन क्रियाकलापमा सक्रिय अधिकांश महिलाहरू आफ्नो जीवनकालमा कुनै न कुनै समयमा एच. पि. भी. बाट संक्रमित हुन्छन् । तर एच.पि.भी. संक्रमण भएको शुरुको अवस्थामा कुनै पनि लक्षण, चिन्हहरू देखिदैनन् ।
- मानव शरीरमा क्यान्सर गराउने उच्च जोखिम भएका एच.पि.भी. भाइरसको पटक पटक संक्रमण भएर २० वर्षसम्म संक्रमण रहीरह्यो भने पाठेघरको मुखको क्यान्सर हुनसक्छ ।

**पाठेघरको मुखको क्यान्सर भएमा निम्न लक्षण, चिन्हहरू देखिन्छन्**



**तल्लो पेट दुख्न** | **योनीबाट गन्हाउने पानी बग्ने** | **अनियमित रूपमा रगत बग्ने** | **धेरै रगत बग्ने** | **कमजोर महसुस हुने** | **रक्तअल्पता हुने**

## १.४ रोकथाम

विश्व स्वास्थ्य संगठनको निर्देशिकाको आधारमा नेपालमा पाठेघरको मुखको क्यान्सरको रोकथाम गर्ने कार्यहरूलाई निम्नानुसार तीन तहमा वर्गिकरण गरिएको छ :

### (क) प्राथमिक तहको रोकथाम (Primary Prevention)

पाठेघरको मुखको क्यान्सर विरुद्धको एच.पि.भी. खोप दिने । यो खोप प्रारम्भिक किशोरावस्थामा दिनु बढी प्रभावकारी हुने भएकोले १० देखि १४ वर्षसम्मको उमेरमा दिने ।




**पाठेघरको मुखको क्यान्सर विरुद्धको एच.पि.भी. खोप प्रारम्भिक किशोरावस्थामा दिंदा बढी प्रभावकारी हुन्छ ।**

### (ख) द्वितीय तहको रोकथाम (Secondary Prevention)

हरेक महिलाले पाठेघरको मुखको परीक्षण (स्क्रिनिङ्ग) देहाय बमोजिम गर्ने ।

| स्क्रिनिङ्ग गर्ने विधि | | VIA विधि | HPV-DNA विधि |
|---|---|---|---|
| **लक्षित वर्ग** | सामान्य अवस्थाको महिलाहरू | ३० देखि ४९ वर्ष उमेरका | ३० वर्ष उमेर माथिका |
| | HIV संक्रमित महिलाहरू | २५ देखि ४९ वर्ष उमेरका | २५ वर्ष उमेर माथिका |
| **स्क्रिनिङ्ग अन्तराल** | सामान्य अवस्थाको महिलाहरू | हरेक ३ वर्ष | हरेक ५ वर्ष |
| | HIV संक्रमित महिलाहरू | हरेक १ वर्ष | हरेक ३ वर्ष |

सुरुको अवस्थामा नै निदान भएमा यो रोगको उपचार गरेर निको हुने सम्भावना हुन्छ । तर अन्तिम अवस्थामा निदान भएमा उपचार गरेर निको हुने सम्भावना निकै कम हुन्छ ।




**पाठेघरको मुखको क्यान्सर सुरुकै अवस्थामा निदान भयो भने उपचार गरेर निको हुनसक्छ ।**

### (ग) तृतीय तहको रोकथाम (Tertiary Prevention)

पाठेघरको मुखको क्यान्सरको निदान भएका महिलाहरूको उपचार गर्ने ।

# भाग २

# एच.पि.भी. खोप

## २.१ परिचय

एच.पि.भी. (Human Papillomavirus)को संक्रमणबाट सुरक्षित हुन दिइने खोपलाई एच.पि.भी खोप भनिन्छ । यो खोप Purified Viral Protein बाट Recombinant प्रविधिद्वारा तयार गरिएको हुन्छ जसमा जीवित जैविक पदार्थ (Live Biological Products) वा भाइरसको डि.एन.ए. हुंदैन । त्यसैले यो खोपबाट एच.पि.भी. संक्रमण हुंदैन । विश्व स्वास्थ्य संगठनबाट हालसम्म प्रमाणित भएका एच.पि.भी. खोपहरू निम्नानुसार तीन किसिमका रहेका छन् :

### बाईभ्यालेन्ट (Bivalent)

यो खोप दुई प्रकारका एच.पि.भी. प्रजाति (१६ र १८)को संक्रमणबाट सुरक्षित हुनको लागि दिइन्छ । यस प्रकारको एच.पि.भी. खोप Cecolin (सिकोलिन), Cervarix (सर्भारिक्स), Walrinvax (वालरिन्भ्याक्स) नामहरूबाट उपलब्ध छ ।

### क्वाड्रीभ्यालेण्ट (Quadrivalent)

यो खोप चार प्रकारका एच.पि.भी. प्रजाति (६, ११, १६ र १८)को संक्रमणबाट सुरक्षित हुनको लागि दिइन्छ । यस प्रकारको एच.पि.भी. खोप Gardasil (गार्डासिल) नामबाट उपलब्ध छ ।

### नोनाभ्यालेण्ट (Nonavalent)

यो खोप ९ प्रकारका एच.पि.भी. प्रजाति (६, ११, १६, १८, ३१, ३३, ४५, ५२ र ५८) को संक्रमणबाट सुरक्षित हुनको लागि दिइन्छ । यस प्रकारको एच.पि.भी. खोप गार्डासिल ९ (Gardasil 9) नामबाट उपलब्ध छ ।

**आ.व. २०८१/८२ मा सञ्चालन गरिने एच.पि.भी. खोप अभियानमा Cecolin (सिकोलिन) खोप उपलब्ध हुनेछ ।**

- यो खोपले एच.पि.भी. प्रजाति १६ र १८ को कारणबाट संक्रमण हुने पाठेघरको मुखको क्यान्सर हुनबाट सुरक्षित गर्दछ ।
- यो खोप ९८% देखि १००% सम्म प्रभावकारी देखिएको छ ।
- यो खोपले Cervical intraepithelial neoplasia grade 1, 2 & 3 र Adenocarcinoma in-situ जस्ता रोगहरूबाट पनि सुरक्षित गर्दछ ।
- यो खोप १० देखि १४ वर्ष उमेरका किशोरीहरूलाई १ मात्रा दिनु पर्दछ ।



## २.२ सिकोलिन (Cecolin) खोप

### (क) खोपको बनावट

यो खोप तयारी झोलको रुपमा एक मात्राको भायलमा उपलब्ध हुन्छ ।

### (ख) कोल्डचेन व्यवस्थापन

सिकोलिन खोप फ्रिज संवेदनशील (Freeze sensitive) हुन्छ । यदि यो खोप धेरै चिसो तापक्रममा रह्यो भने जम्छ र जमेको खोप कदापी प्रयोग गर्नु हुदैन । त्यसैले

- यो खोप भण्डारण गर्दा, ढुवानी गर्दा र खोप केन्द्रमा प्रयोग गर्ने समयसम्म सधै +२° देखि +८° से. तापक्रम कायम भएको सुनिश्चित गर्नुपर्छ । यसका लागि
  - भण्डारण गर्दा यो खोप वाक-इन-कुलर (चिस्यान कोठा) वा आई.एल.आर.(आइसलाइण्ड रेफ्रिजेरेटर)मा राख्नु पर्दछ ।
  - ढुवानी गर्दा यो खोप रेफ्रिजेरेटर भ्यानमा राखेर ढुवानी गर्नु पर्दछ ।
  - यो खोप कोल्ड बक्स, भ्याक्सिन क्यारियरमा राखेर ढुवानी गर्दा **कण्डिसनिङ्ग गरेको आईसप्याक** मात्र प्रयोग गर्नु पर्दछ र खोप भायलहरू जीपलक ब्यागमा राख्नु पर्दछ ।
- यो खोप भायलमा भि.भि.एम. टाँसिएको हुन्छ । त्यसैले यो खोप भण्डारण, वितरण र खोप प्रदान गर्दा भि.भि.एम. प्रयोग गर्न मिल्ने अवस्था (१ वा २)मा भए नभएको सुनिश्चित गर्नु पर्दछ ।
- यो खोप भायलमा सिधा सूर्यको प्रकाश पर्‍यो भने यसको प्रभावकारिता घट्ने भएकोले यो खोपलाई सूर्यको प्रकाशबाट समेत सुरक्षित गर्नु पर्दछ ।

### (ग) खोप दिने लक्षित समूह, मात्रा र दिने विधि

पहिलो वर्ष अभियानको रुपमा सञ्चालन गरिने एच.पि.भी. खोप कार्यक्रमको लक्षित समूह विद्यालयमा अध्ययन गर्ने कक्षा ६ देखि कक्षा १० सम्मका छात्राहरू र विद्यालय नजाने १० वर्ष देखि १४ वर्षसम्म उमेरका किशोरीहरूलाई यो खोप दिइन्छ । यो उमेर समूहका अधिकांश किशोरीहरू विद्यालयमा अध्ययन गर्ने भएकाले खोप सेवा मुख्यत: विद्यालय केन्द्रित हुनेछ । यो खोप निम्नानुसार दिनुपर्नेछ :

- यो खोप दिनुभन्दा अगाडि खोप भायललाई राम्रोसँग हल्लाएर भायलमा भएका सबै तत्व घुलेको सुनिश्चित गर्नु पर्दछ । यो खोप भायल हल्लाएपछि एकैनासको हल्का सेतो झोल हुनु पर्दछ । यदि यो खोपको रङ्ग परिवर्तन भएको देखिएमा प्रयोग गर्नु हुदैन ।
- यो खोपको **एक मात्रा ०.५ मि.लि.** हो ।
- यो खोप सुईको माध्यमबाट **बायाँ पाखुराको माथिल्लो बीच बाहिरी भागमा मासुभित्र** दिनुपर्दछ ।

**एच.पि.भी.खोपवारे भएको पछिल्लो अध्ययन अनुसार यो खोप एक मात्रा लगाएपछि यसको पूर्णमात्रा हुन्छ भन्ने आधार भएकोले राष्ट्रिय खोप सल्लाहकार समितिको २०८१ असोज २३ को सिफारिस अनुसार नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको २०८१ कार्तिक ०८ को निर्णयानुसार यो खोप एक मात्रा लगाउने खोप तालिका निश्चित गरिएको छ । त्यसैले विगतमा एक मात्रा एच.पि.भी. खोप लगाएका किशोरीहरूले अर्को मात्रा लगाउन जरुरी छैन ।**

### (घ) खोप लगाएपछि हुनसक्ने प्रतिकूल असरहरू

- सूई लगाएको ठाउँमा दुख्ने, सुन्निने, रातो हुने जस्ता सामान्य प्रकारका असरहरू ।
- ज्वरो आउने, टाउको दुख्ने, जिउ दुख्ने, रिँगाटा लाग्ने, मांसपेशी दुख्ने, थकाई लाग्ने ।
- पेट दुख्ने, वाकवाकी लाग्ने, वान्ता हुने ।

### (ङ) खोप दिन नहुने अवस्था

- लक्षित उमेर समूह बाहेक अन्य व्यक्तिहरू ।
- गर्भवती महिला ।
- पहिला कुनै खोप लगाउँदा गम्भीर एलर्जी प्रतिक्रिया (Severe Allergic Reaction) भएको वा एनाफाईलेक्सिस प्रतिक्रिया (Anaphylatic Reaction) भएको व्यक्ति ।
- एच.पि.भी. खोपमा भएका कुनै तत्वबाट गम्भीर एलर्जी प्रतिक्रिया (Severe Allergic Reaction) भएको वा एनाफाईलेक्सिस प्रतिक्रिया (Anaphylatic Reaction) भएको व्यक्ति ।

**सिकोलिन खोपमा हुने तत्वहरू** : Recombinant human papillomavirus type-16 L1 protein, Recombinant human papillomavirus type-18 L1 protein, Aluminum hydroxide adjuvant, Sodium chloride, Sodium dihydrogen phosphate dihydrate, Disodium hydrogen phosphate dihydrate, Polysorbate 80, and Water for injection.

---

### खोपदिने स्वास्थ्यकर्मीले ध्यान दिनुपर्ने विशेष अवस्थाहरू

- रगत बग्न रोकथाम गराउने तत्वको कमी भएको (जस्तै Clotting factor deficiency, coagulopathy, platelet disorders, and in persons on anticoagulation therapy) व्यक्तिलाई सूईबाट कुनै पनि खोप दिँदा विशेष सावधानी अपनाउनु पर्छ ।
- विगत तीन महिनाको अवधिभित्र इम्यूनोग्लोबलिन वा रगतजन्य अन्य पदार्थ लिएको भएमा यो खोप तीन महिनापछि मात्र दिन हुन्छ ।
- उच्च ज्वरो आएको वा गम्भीर विरामी भएको अवस्थामा यो खोप दिनु हुदैन । तर निको भईसकेपछि यो खोप लगाउनु हुन्छ ।

---

# भाग ३

# एच.पि.भी. खोप सेवा सञ्चालन

## ३.१ पृष्ठभूमि

पाठेघरको मुखको क्यान्सरको विरामी नेपालमा बढ्दै गएको र यो रोगबाट मृत्यु हुने संख्या पनि बढ्दै गएकोले विश्व स्वास्थ्य संगठनको सुझाव र राष्ट्रिय खोप सल्लाहकार समितिको सिफारिस अनुसार यो रोग विरुद्धको एच.पि.भी. खोप सेवालाई राष्ट्रिय खोप तालिकामा समावेश गर्ने क्रममा गाभीको आर्थिक तथा प्राविधिक सहयोगमा आ.व. २०७२/०७३ र २०७३/०७४ मा Demonstration कार्यक्रमको रुपमा चितवन र कास्की जिल्लामा एच.पि.भी. खोप सेवा सञ्चालन गरिएको थियो । उक्त कार्यक्रममा विद्यालयमा अध्ययन गर्ने कक्षा ६ का छात्राहरू र विद्यालय नजाने १० वर्ष उमेरका किशोरीहरूलाई बाईभ्यालेण्ट एच.पि.भी. खोप (सर्भारिक्स) ६/६ महिनाको फरकमा दुई मात्रा दिइएको थियो । सो कार्यक्रम सम्पन्नपछि गरिएको सर्भेक्षण प्रतिवेदन अनुसार पहिलो मात्राको कभरेज १००% र दोस्रो मात्राको कभरेज ९६.५% हासिल गरिएको थियो । विद्यालयमा आधारित खोप केन्द्रबाट सञ्चालन गरिएको उक्त कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको थियो । एच.पि.भी. खोपलाई राष्ट्रिय खोप तालिकामा समावेश गरेर देशभरी नै विस्तार गर्ने योजना रहेकोमा विश्व बजारमा पर्याप्त परिमाणमा एच.पि.भी. खोप उपलब्ध नभएको र कोभिड-१९ महामारीको कारणले त्यसबेला एच.पि.भी. खोप सेवा विस्तार हुन सकेको थिएन ।

आ.व. २०७६/७७ को नेपाल सरकारको नीति तथा कार्यक्रममा पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप कार्यक्रम कार्यान्वयनमा ल्याउने भनी उल्लेख भएको र त्यसपछिका वार्षिक नीति तथा कार्यक्रममा पनि यो खोप सेवा सञ्चालन गर्ने भनी उल्लेख हुँदै आएको छ ।

यसै क्रममा आ.व. २०८०/८१ मा नेपाल सरकारको स्रोतबाट बाईभ्यालेण्ट एच.पि.भी. सेकोलिन (Cecolin) खोप २० हजार मात्रा खरिद गरेर Demonstration कार्यक्रमको रुपमा सातै प्रदेशका १-१ वटा अस्पतालबाट १४ वर्षका किशोरीहरूलाई ६ महिनाको फरकमा दुई मात्रा खोप प्रदान गरिएको थियो । ती सातवटा अस्पतालमा कोशी प्रदेशमा कोशी अस्पताल, विराटनगर, मधेश प्रदेशमा नारायणी अस्पताल, विरगञ्ज, बागमती प्रदेशमा परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल, थापाथली, काठमाडौं, गण्डकी प्रदेशमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पोखरा, लुम्बिनी प्रदेशमा भेरी अस्पताल, नेपालगञ्ज, कर्णाली प्रदेशमा प्रदेश अस्पताल, विरेन्द्रनगर, सुर्खेत र सुदूरपश्चिम प्रदेशमा डडेलधुरा अस्पताल, डडेलधुरा थिए । उक्त कार्यक्रमको प्रगति प्रतिवेदन अनुसार लक्षित उमेर समूहका करिब १० हजार जना किशोरीहरूलाई ६/६ महिनाको फरकमा पहिलो र दोस्रो मात्रा एच.पि.भी. खोप लगाइको थियो । यो खोप अस्पतालमा आधारित खोप केन्द्रबाट प्रदान गरिएको थियो ।

उपरोक्त अनुसार एच.पि.भी. खोपको लक्षित उमेर समूहका प्राय:जसो किशोरीहरू विद्यालयमा अध्ययन गर्ने भएकोले यो खोप सेवा विद्यालयमा आधारित खोप केन्द्र मार्फत प्रदान गर्नु बढी प्रभावकारी भएको देखिएको छ ।

## ३.२ औचित्य

- नेपालमा पाठेघरको मुखको क्यान्सरका विरामी र मृत्यु हुने संख्या हरेक वर्ष उच्च रहेको ।
- विश्व स्वास्थ्य संगठनले पाठेघरको मुखको क्यान्सरलाई जनस्वास्थ्य समस्याको रुपमा नरहने अवस्थामा पुऱ्याएर निवारण गर्न १० देखि १४ वर्ष उमेरका किशोरीहरूलाई एच.पि.भी. खोप दिएर सन् २०३० सम्ममा यो खोपको कभरेज कम्तिमा ९०% पुऱ्याउने रणनीति निर्धारण गरेको ।
- पाठेघरको मुखको क्यान्सर निवारण गर्ने विश्वव्यापी रणनीतिलाई अवलम्बन गर्दै नेपालमा यो रोग निवारण गर्नको लागि राष्ट्रिय खोप सल्लाहकार समितिले राष्ट्रिय खोप तालिकामा एच.पि.भी. खोप समावेश गर्न सिफारिस गरेको ।
- राष्ट्रिय खोप सल्लाहकार समितिले राष्ट्रिय खोप तालिकामा एच.पि.भी. खोप समावेश गर्न सिफारिस बमोजिम नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले एच.पि.भी. खोपलाई राष्ट्रिय खोप तालिकामा समावेश गर्ने निर्णय गरको ।

**पाठेघरको मुखको क्यान्सर निवारण भन्नाले यो रोगको नयाँ विरामी हरेक १ लाख महिलाहरूमा हरेक वर्ष ४ वा सो भन्दा कम संख्यामा भएको अवस्थालाई बुझाउँछ ।**

## ३.३ लक्ष्य

विद्यालयमा अध्ययन गर्ने कक्षा ६ देखि १० सम्मका किशोरीहरू र विद्यालय नजाने १० देखि १४ वर्षसम्म उमेरका किशोरीहरूलाई एच.पि.भी खोप प्रदान गरी पाठेघरको मुखको क्यान्सर निवारण गर्नमा योगदान पुऱ्याउनु नै एच.पि.भी. खोप सेवाको लक्ष्य हो ।

पाठेघरको मुखको क्यान्सर रोग निवारणको लक्ष्य हासिल गर्न एच.पि.भी. खोपको कभरेज शतप्रतिशत हासिल गर्नेतर्फ उन्मूख हुनु पर्दछ भने कम्तीमा ९० प्रतिशत कभरेज हुन जरुरी नै हुन्छ ।

**देशभरी एच.पि.भी. खोप सेवाको सुरुवात गर्दा पहिलो वर्ष विद्यालयमा अध्ययन गर्ने कक्षा ६ देखि १० सम्मका छात्राहरू र विद्यालय नजाने १० देखि १४ वर्षसम्म उमेरका किशोरीहरूलाई खोप अभियान मार्फत एच.पि.भी. खोप प्रदान गर्ने र त्यसपछि हरेक वर्ष विद्यालयमा अध्ययन गर्ने कक्षा ६ का छात्राहरू र विद्यालय नजाने १० वर्ष उमेरका किशोरीहरूलाई नियमित खोपको रुपमा यो खोप प्रदान गर्ने नीति रहेको छ ।**

## ३.४ आ.व. २०८१/८२ मा सञ्चालन गरिने एच.पि.भी. खोप अभियान

**३.४.१ लक्षित समूह :** विद्यालयमा अध्ययन गर्ने कक्षा ६ देखि १० सम्मका छात्राहरू र विद्यालय नजाने १० देखि १४ वर्षसम्म उमेरका किशोरीहरू ।

**३.४.२ लक्षित संख्या :** १६,८८,७६८ जना किशोरीहरू ।

### ३.४.३ खोप अभियान सञ्चालन कार्यनीति

- स्थानीय स्वास्थ्य संस्थाले कक्षा ६ देखि १० सम्म अध्ययन-अध्यापन हुने हरेक विद्यालयमा गएर ती कक्षामा अध्ययन गर्ने छात्राहरूको नामावली कक्षागत रुपमा संकलन गर्ने ।
- स्थानीय स्वास्थ्य संस्थाले स्थानीय तह र महिला सामुदायिक स्वास्थ्य स्वंसेविकाँग समन्वय गरेर आफ्नो कार्यक्षेत्रमा विद्यालय नजाने १० देखि १४ वर्षसम्म उमेरका किशोरीहरूको नामावली संकलन गर्ने वा यो उमेर समूहका किशोरीहरूको जम्मा संख्या अनुमान गर्ने ।
- स्थानीय स्वास्थ्य संस्थाले सम्बन्धित हरेक विद्यालयसँग समेत सम्पर्क र समन्वय गरेर एच.पि.भी. खोप सेवा सञ्चालनको सूक्ष्मयोजना तर्जुमा गर्ने ।
- कक्षा ६ देखि १० सम्म अध्ययन-अध्यापन हुने हरेक विद्यालयमा खोप केन्द्र सञ्चालन गरेर ती कक्षाका सबै छात्राहरूलाई एच.पि.भी. खोप दिने ।
- विद्यालय नजाने १० देखि १४ वर्षसम्म उमेरका किशोरीहरू र एच.पि.भी. खोप लगाउन छुट भएका विद्यालयमा अध्ययन गर्ने कक्षा ६ देखि १० सम्मका छात्राहरूलाई अभियानको अन्तिम दिन स्वास्थ्य संस्थाबाट एच.पि.भी. खोप दिने ।
- विद्यालयमा अध्ययन गर्ने कक्षा ६ का छात्राहरू र विद्यालय नजाने १० वर्ष उमेरका किशोरीहरू तथा विद्यालयमा अध्ययन गर्ने कक्षा ७ देखि १० सम्मका छात्राहरू र विद्यालय नजाने ११ देखि १४ वर्ष सम्म उमेरका किशोरीहरूको अभिलेख छुट्टिने गरी एच.पि.भी. खोप अभियान रजिष्टरमा अभिलेख राख्ने र एच.पि.भी. खोप लगाएका हरेक किशोरीलाई अभियान खोप कार्ड भरेर दिने ।
- विद्यालयमा अध्ययन गर्ने कक्षा ६ का छात्राहरू र विद्यालय नजाने १० वर्ष उमेरका किशोरीहरू तथा विद्यालयमा अध्ययन गर्ने कक्षा ७ देखि १० सम्मका छात्राहरू र विद्यालय नजाने ११ देखि १४ वर्षसम्म उमेरका किशोरीहरूको संख्या छुट्टिने गरी प्रतिवेदन तयार गरी माथिल्लो निकायमा पठाउने ।
- विद्यालयमा अध्ययन गर्ने कक्षा ६ का छात्राहरू र विद्यालय नजाने १० वर्ष उमेरका किशोरीहरूले लगाएको एच.पि.भी. खोप सेवाको प्रगति विवरणको तथ्यांक स्थानीय स्वास्थ्य संस्था वा स्थानीय तहले DHIS II मा प्रविष्ट गर्ने ।

### ३.४.४ खोप अभियान सञ्चालन मिति

यो खोप अभियान २०८१ साल माघ २२ गते देखि फागुण ०६ गतेसम्म देशभरी एकै पटक सञ्चालन गर्ने ।

**यदि कुनै विशेष कारणले उक्त अवधिमा यो खोप अभियान सञ्चालन गर्न नसकिने भएमा, स्वास्थ्य कार्यालयले सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाई र स्थानीय तहहरूसँग समन्वय गरी यो खोप अभियान सञ्चालन गर्ने मिति निर्धारण गर्ने र सो वारे प्रदेश स्वास्थ्य निर्देशनालय र स्वा.से.वि. परिवार कल्याण महाशाखामा अविलम्ब जानकारी गराउनु पर्ने ।**

- खोप सेसन सञ्चालन गर्ने मिति विद्यालयसँग समन्वय गरी निर्धारण गर्ने ।
- एउटा स्थानीय तहमा बढीमा ७ दिनभित्र अभियान सञ्चालनको व्यवस्था गर्ने तर महानगरपालिका र उपमहानगरपालिकाको सन्दर्भमा बढीमा १० दिनभित्र सञ्चालनको व्यवस्था गर्ने ।
- घनावस्ती भएको र धेरै स्थानीय तहहरू भएको जिल्लामा यो अभियान दुई चरणमा सञ्चालन गर्ने ।
- यो खोप अभियान एउटा जिल्लामा बढीमा १५ दिनभित्र सम्पन्न गर्ने ।
- जिल्ला र स्थानीय तहमा अभियान सञ्चालनको मिति र अवधि निर्धारण गर्दा निम्न कुराहरूलाई ध्यान दिनुपर्ने :
  - विद्यालय विदा नहुने दिन ।
  - विद्यालयमा परीक्षा सञ्चालन नहुने दिन ।
  - नियमित खोप सेवा सञ्चालनमा बाधा नपर्ने ।
  - कोल्ड चेन व्यवस्थापन र भ्याक्सिन वितरण गर्न सहज हुने ।
  - आवश्यक संख्यामा खोपदिने स्वास्थ्यकर्मी परिचालन गर्न सहज हुने ।

### ३.४.५ खोप अभियान सञ्चालनको पूर्वतयारी

विगतमा सञ्चालन गरिँदै आएका अन्य खोप अभियानहरू भन्दा एच.पि.भी. खोप अभियान लक्षित समूह र खोप सेवा सञ्चालनको दृष्टिकोणले फरक भएकोले यसको पूर्वतयारी देहाय बमोजिम व्यापक रुपमा गर्नुपर्दछ :

#### (क) खोप समन्वय समितिहरूको गठन र सञ्चालन

- प्रदेश, जिल्ला, स्थानीय र वडा तहमा खोप समन्वय समितिहरूको गठन गर्नुपर्नेछ र ती विभिन्न तहका समितिहरूको संरचना र भूमिकाको सन्दर्भमा पछिल्लो पटक सञ्चालन गरिएको दादुरा-रुबेला खोप अभियान सञ्चालन निर्देशिका अनुरुप गर्नुपर्नेछ ।
- खोप कार्यक्रम सम्बन्धी संघीय तहको अन्तर-निकाय समन्वय समितिले राष्ट्रिय खोप समन्वय समितिको रुपमा समेत कार्य गर्नेछ ।

- सबै तहका यी समितिहरूमा उपलब्ध भएसम्म बालरोग विशेषज्ञ (Paediatrician), प्रसूति तथा स्त्रीरोग विशेषज्ञ (Gynaecologist), क्यान्सर रोग विशेषज्ञ (Oncologist) तथा जनस्वास्थ्य विज्ञ (Public Health Expert) हरूलाई पनि सदस्यको रुपमा समावेश गर्नुपर्नेछ ।
- यी समितिहरूले एच.पि.भी. खोप अभियानको पूर्वतयारी र कार्यान्वयनको सन्दर्भमा सम्बन्धित तहमा प्राविधिक कार्य समूहको रुपमा समेत कार्य गर्नेछन् ।

### (ख) छपाई सामग्री

- **खोप सेवा सञ्चालन निर्देशिका** : खोपदिने स्वास्थ्यकर्मी, सुपरीवेक्षक र विभिन्न तहका स्वास्थ्य व्यवस्थापकहरूको लागि मार्गदर्शन प्रदान गर्न ।
- **एच.पि.भी. खोप अभियान रजिष्टर** : एच.पि.भी. खोप लगाएका लक्षित छात्रा/किशोरीहरूको अभिलेख राख्न ।
- **अभियान खोप कार्ड** : एच.पि.भी. खोप लगाएका हरेक लगाएका हरेक छात्रा/किशोरीलाई प्रदान गर्न ।
- **एच.पि.भी. खोपवारे बारम्बार सोधिने प्रश्नहरू** : जनचेतना अभिवृद्धि गर्नका लागि खोप समन्वय समितिका पदाधिकारी, शिक्षक-शिक्षिका र पत्रकार/सञ्चारकर्मीहरूलाई वितरण गर्नुको साथै एच.पि.भी. खोप लगाएका लक्षित हरेक छात्रा/किशोरीलाई पनि अभियान खोप कार्डसँगै वितरण गर्न ।
- **एच.पि.भी. खोप अभियानको पोष्टर** : एच.पि.भी. खोप अभियानको लागि निर्धारण गरिएको खोप केन्द्र रहने ठाउँ र सञ्चालन हुने मिति वारे जानकारी दिन र आमजनसमुदायलाई एच.पि.भी. खोप अभियान वारे जनचेतना अभिवृद्धि गर्नका उपयुक्त सार्वजनिक स्थानमा टाँस्ने ।
- **सूक्ष्मयोजना तर्जुमा फाराम, सुपरीवेक्षण/अनुगमन चेकलिष्ट र अभिलेख/प्रतिवेदन फाराम** : केही फारमहरू संघीय स्तरबाट उपलब्ध गराइने र अपूग फारामहरू जिल्ला र स्थानीय तहमा फोटोकपी गरेर प्रयोग गर्ने । फारामहरूको नमूना यो निर्देशकामा दिइएको छ ।

### (ग) गोष्ठि तथा बैठक

प्रदेश तह, जिल्ला तह र स्थानीय तहमा गर्नुपर्ने गोष्ठि, अन्तरक्रिया, बैठक जस्ता क्रियाकलापहरू देहाय अनुसार गर्ने :

- प्रदेश तह
  - प्रदेशस्तरीय अभिमुखीकरण तथा योजना तर्जुमा गोष्ठि : २ दिन ।
  - प्रदेशस्तरीय अभिमुखीकरण तथा बहस पैरवी बैठक : १ दिन ।

  यो बैठकमा प्रदेशस्तरीय खोप समन्वय समितीका पदाधिकारीहरू, सरोकारवाला निकायका प्रतिनिधी र पत्रकार/सञ्चारकर्मीहरूलाई अभिमुखीकरण गर्ने र एच.पि.भी. खोप अभियानको वारेमा अन्तरक्रिया गर्ने ।

- **जिल्ला तह**
  - जिल्लास्तरीय अभिमुखीकरण तथा योजना तर्जुमा गोष्ठि : २ दिन ।
  - जिल्लास्तरीय अभिमुखीकरण तथा बहस पैरवी बैठक : १ दिन ।

  यो बैठकमा जिल्लास्तरीय खोप समन्वय समितीका पदाधिकारीहरू, सरोकारवाला निकायका प्रतिनिधी र पत्रकार/सञ्चारकर्मीहरूलाई अभिमुखीकरण गर्ने र एच.पि.भी. खोप अभियानको वारेमा अन्तरक्रिया गर्ने ।

- **स्थानीय तह**
  - स्वास्थ्यकर्मीहरूको लागि अभिमुखीकरण तथा योजना तर्जुमा गोष्ठि : १ दिन ।
  - स्थानीय तह स्तरीय अभिमुखीकरण तथा बहस पैरवी बैठक : १ दिन ।

  यो बैठकमा स्थानीय तह स्तरीय खोप समन्वय समितीका पदाधिकारीहरू, सरोकारवाला निकायका प्रतिनिधी र पत्रकार/सञ्चारकर्मीहरूलाई अभिमुखीकरण गर्ने र एच.पि.भी. खोप अभियानको वारेमा अन्तरक्रिया गर्ने ।

  - महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका र अन्य स्वयंसेवकहरूको लागि अभिमुखीकरण गोष्ठि: १ दिन
  - स्थानीय तहको वडा अध्यक्ष वा प्रतिनिधी, विद्यालय नर्स वा शिक्षक प्रतिनिधी र स्थानीय स्वास्थ्य संस्था प्रमुखको बैठक: १ दिन

  यो बैठकमा स्थानीय तहको वडास्तरीय खोप समन्वय समितीका पदाधिकारीहरू, विद्यालय नर्स वा शिक्षिका प्रतिनिधी, स्वास्थ्य संस्था प्रमुख, सरोकारवाला अन्य निकायहरूका प्रतिनिधीसँग एच.पि.भी. खोप अभियान वारे अन्तरक्रिया गर्ने तथा पूर्वतयारी वारे छलफल गर्ने ।

### (घ) सूक्ष्मयोजना तर्जुमा

- **लक्षित संख्याको अनुमान**
  - राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतको शिक्षा तथा मानव विकास स्रोत केन्द्रबाट प्रकाशित Flash Report 2078 को तथ्यांकको आधारमा एच.पि.भी. खोप सेवाको लक्षित संख्याको अनुमान गरिएको ।
  - लक्षित संख्याको अनुमान गर्दा नियमित एच.पि.भी. खोपको रुपमा दिइने एच.पि.भी. खोपको लक्षित संख्या र अभियानको रुपमा दिइने एच.पि.भी. खोपको लक्षित संख्या छुट्टा-छुट्टै अनुमान गरिएको ।

- संघीय तहबाट उपरोक्त अनुसार लक्षित संख्या अनुमान गर्दा हरेक जिल्लाको जम्मा संख्या मात्र अनुमान गरिएको हुँदा स्थानीय तह, वडा तह, स्वास्थ्य संस्थाको कार्यक्षेत्र अनुसारको लक्षित संख्या निर्धारण देहाय बमोजिम गर्नुपर्ने :

- **विद्यालय अनुसार लक्षित संख्याको अनुमान**
    - स्वास्थ्य कार्यालयले जिल्ला शिक्षा विकास तथा समन्वय इकाईसँग समन्वय गरेर स्थानीय तहको वडा अनुसार कक्षा ६ देखि कक्षा १० सम्म अध्ययन-अध्यापन हुने विद्यालयको विवरण माग गरेर स्थानीय तह र स्वास्थ्य संस्थालाई सो विवरण उपलब्ध गराउने ।
    - स्वास्थ्य संस्थाले स्थानीय तहसँग समन्वय गरेर आफ्नो कार्यक्षेत्रभित्र रहेका विद्यालयको विवरण संकलन गरी स्वास्थ्य कार्यालयबाट प्राप्त विद्यालयको विवरण रुजु गर्ने ।
    - स्वास्थ्य संस्थाले कक्षा ६ देखि १० सम्म अध्ययन-अध्यापन हुने प्रत्येक विद्यालयमा गएर कक्षा अनुसारको संख्या छुटि्टने गरी छात्राहरूको नामावली अनुसूचि १ अनुसारको फाराममा संकलन गर्ने र अनुसूची २ अनुसारको फाराममा समायोजन गर्ने ।
    - कतिपय विद्यालयको विवरण शिक्षा विकास तथा समन्वय इकाई र स्थानीय तहमा अध्यावधिक नभएको हुनसक्ने भएकोले स्वास्थ्य संस्थाले आफ्नो कार्यक्षेत्रभित्र रहेका कक्षा ६ देखि १० सम्म अध्ययन-अध्यापन हुने सामुदायिक र संस्थागत विद्यालयहरू सबै समेटिएको सुनिश्चित गर्ने । तर तोकिएको भन्दा बढी उमेरका छात्र-छात्राहरू, प्रौढहरू अध्ययन-अध्यापन गर्ने विद्यालयलाई नसमेट्ने ।

- **विद्यालय नजाने लक्षित संख्याको अनुमान**

  संघीय तहबाट विद्यालय नजाने लक्षित संख्या हरेक जिल्लाको जम्मा संख्या अनुमान गरी स्वास्थ्य कार्यालयमा उपलब्ध गराइने तर स्थानीय तह, वडा तह, स्वास्थ्य संस्थाको कार्यक्षेत्र अनुसारको लक्षित संख्या स्थानीय तहका जनप्रतिनिधी तथा म.सा.स्व.से.सँग समन्वय गरेर सकंलन गरी स्थानीय स्तरमा गरिने सूक्ष्मयोजनामा उल्लेख गर्ने ।

उपरोक्त अनुसार वडाभित्रका सबै विद्यालयका कक्षा ६ देखि १० सम्म अध्ययन गर्ने छात्राहरूको संख्या जम्मा गर्ने र त्यो संख्यामा उक्त वडाका विद्यालय नजाने १० देखि १४ वर्षसम्म उमेरका किशोरीहरूको अनुमानित संख्या जम्मा गर्ने ।

- **खोप केन्द्र निर्धारण**
    - सम्बन्धित विद्यालयसँग समन्वय गरेर प्रत्येक विद्यालयमा खोप केन्द्र निर्धारण गरी खोप सेवा सञ्चालन गर्ने मिति र समय निश्चित गर्ने ।

- विद्यालयको खोप केन्द्रमा विद्यालय नजाने १० देखि १४ वर्षसम्म उमेरका किशोरीहरूले पनि खोप लगाउन आउँदा तहाँबाट एच.पि.भी. खोप लिन पाउने व्यवस्था गर्ने ।
- विद्यालय नजाने १० देखि १४ वर्षसम्म उमेरका किशोरीहरू र विद्यालयमा एच.पि.भी. खोप लगाउन छुट भएका कक्षा ६ देखि १० सम्ममा छात्राहरूको लागि अभियानको अन्तिम दिन स्थानीय स्वास्थ्य संस्थाबाट एच.पि.भी. खोप दिने ।
- विद्यालय नभएका गाउँ, टोल र पिछडिएका वर्ग/समुदायको पहुँचको लागि थप खोप केन्द्रबाट एच.पि.भी. खोप अभियान सञ्चालन हुने महिनामा एच.पि.भी. खोप दिने व्यवस्था गर्ने ।

- **खोप टोली निर्धारण**
  - विगतमा खोप प्रदान गर्दै आएका स्वास्थ्यकर्मीलाई एच.पि.भी. खोपको अभिमुखीकरण गोष्ठिमा सहभागी गराई ती स्वास्थ्यकर्मीलाई खोपदिने स्वास्थ्यकर्मीको रुपमा परिचालन गर्ने ।
  - विद्यालयमा सञ्चालन हुने खोप केन्द्रमा
    - विद्यालय नर्स/शिक्षिका र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई स्वयंसेवकको रुपमा परिचालन गर्ने ।
    - एउटा खोप टोलीमा कम्तीमा एकजना खोपदिने स्वास्थ्यकर्मी र दुईजना स्वयंसेवक परिचालन गर्ने ।
    - एकजना खोपदिने स्वास्थ्यकर्मीले एक दिनमा २०० जनासम्म छात्राहरूलाई खोप लगाउने आधारमा खोपदिने स्वास्थ्यकर्मीको परिचालन गर्ने ।

- **खोप तथा खोप सामग्रीको सूची**

| एच.पि.भी. खोप अभियान सञ्चालन गर्दा निम्नलिखित खोप तथा खोप सामग्री जरुरी हुन्छ । त्यसैले यो सूची रुजु गरेर सो बमोजिमका सबै सामग्री भएको सुनिश्चित गर्ने : | |
|---|---|
| **एच.पि.भी. खोप भायल** |  |

| | |
|---|---|
| ०.५ मि.लि.को ए.डि. सिरिन्ज र सेफ्टी बक्स |   |
| एच.पि.भी. खोप अभियान रजिष्टर र अभियान खोप कार्ड |     |
| भ्याक्सिन क्यारियर, ४ वटा आइसप्याक र जिपलक ब्याग |    |
| खोप केन्द्र ब्यानर र एच पि भी खोप पोष्टर |     |
| ए.ई.एफ.आई. किट |   |

- **खोप तथा खोप सामग्रीको अनुमान**

| | |
|---|---|
| **एच.पि.भी. खोप** | एच.पि.भी. खोप Cecolin एक मात्राको भायलमा उपलब्ध हुन्छ र यो खोप जिल्लाको लागि आवश्यक परिमाण अनुमान गर्दा १% खोप खेर जानसक्ने आधारमा अनुमान गरी उपलब्ध गराइने भएकोले स्वास्थ्य कार्यालयले स्थानीय तह र स्वास्थ्य संस्थाको सूक्ष्म योजनामा उल्लेख गरिएको लक्षित संख्या रुजु गरी निश्चित भएपछि मात्र स्थानीय तह र स्वास्थ्य संस्थाको लागि एच.पि.भी. खोप अनुमान गर्ने जसमा १% खोप खेरजाने दर थप नगर्ने । |
| **ए.डि.सिरिञ्ज** | ए.डि. सिरिञ्ज खेरजाने दर १०% हुनसक्ने भएकोले सो बमोजिम ए.डि. सिरिञ्जको आवश्यक परिमाण अनुमान गर्ने । |
| **सेफ्टी बक्स** | एउटा सेफ्टी बक्समा १०० वटा सिरिञ्जहरू राख्न सकिने गरी सेफ्टी बक्सको आवश्यक परिमाण अनुमान गर्ने । |
| **एच.पि.भी. खोप अभियान रजिष्टर** | एउटा खोप रजिष्टरमा करिब १ हजार किशोरीको अभिलेख राख्न पुग्ने भएकोले सो बमोजिम एच.पि.भी. खोप अभियान रजिष्टरको आवश्यक परिमाण अनुमान गर्ने । |
| **अभियान खोप कार्ड** | लक्षित संख्यामा १०% थप गरेर अभियान खोप कार्डको आवश्यक परिमाण अनुमान गर्ने । |

### (ङ) खोप आपूर्ति तथा कोल्ड चेन व्यवस्थापनको पूर्वतयारी

स्वास्थ्य कार्यालयले एच.पि.भी. खोप अभियान सञ्चालनको पूर्वतयारी गर्दा जिल्ला, स्थानीय तह र स्वास्थ्य संस्थामा रहेका कोल्ड चेन सामग्री जस्तै- रेफ्रीजेरेटर, कोल्ड बक्स, भ्याक्सिन क्यारियर, आइसप्याकको विवरण स्थानीय तह अनुसार अध्यावधिक गरी जिल्लाभरीको मौज्दातबाट व्यवस्थापन गरेर उपयुक्त किसिमले कोल्ड चेन कायम गरी खोप भण्डारण, ढुवानी र वितरण गर्ने व्यवस्था मिलाउने । कुनै कोल्ड चेन उपकरण विग्रेको भएमा, नपुग भएमा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमा सम्पर्क गरेर मर्मत-सम्भार र थप आपूर्तिको व्यवस्था मिलाउने ।

**☞ एच.पि.भी. खोप अभियानको लागि कोल्ड चेन व्यवस्थापन सम्बन्धी थप जानकारी "भाग ४ : खोप तथा कोल्ड चेन व्यवस्थापन" मा उल्लेख गरिएको छ ।**

### (च) बहस-पैरवी, सूचना तथा संचार र सामाजिक परिचालन



**बहस-पैरवी मूख्यतः खोप समन्वय समितीको बैठक एवम् अभिमुखीकरणको अवसरमा गर्ने ।**



**खोप समन्वय समितिका पदाधिकारीहरूलाई एच.पि.भी. खोप अभियानको अभिमुखीकरण गर्ने अवसरमा सञ्चारकर्मी, पत्रकारहरू बीच अन्तरक्रिया गरेर पत्र-पत्रिकामा सूचना-सन्देश प्रकाशन गर्न गराउन अनुरोध गर्ने ।**



**विद्यालय नर्स तथा शिक्षक-शिक्षिकाबाट कक्षा ६ देखि १० सम्मका हरेक कक्षामा गएर पाठेघरको मुखको क्यान्सर र एच.पि.भी. खोपको वारेमा विद्यार्थीहरूलाई शिक्षामूलक सन्देश दिएर ती कक्षाका छात्राहरूलाई एच.पि.भी. खोप लगाउन अभिप्रेरित गर्ने र ती विद्यार्थीहरू मार्फत घरपरिवार एवं समुदायमा जनचेतना अभिवृद्धि गर्न लगाउने ।**



**एफ.एम. रेडियो, टि.भी., अनलाइन जस्ता आमसञ्चारका माध्यम, फेसबुक, टिकटक, इन्स्ट्राग्राम जस्ता सामाजिक सञ्जालको प्रयोग गरी एच.पि.भी. खोपवारे सूचना-सन्देश व्यापक रुपमा प्रवाह गर्ने ।**

## ३.४.६ खोप सेवा सञ्चालन र व्यवस्थापन

### (क) खोप सेवा सञ्चालनको पूर्वतयारी

- स्थानीय स्वास्थ्य संस्था प्रमुखले खोप टोलीलाई खोप केन्द्र सञ्चालन हुने दिनभन्दा कम्तीमा एक दिन अगाडि खोप केन्द्रको नाम र ठेगाना, खोप टोलीका सदस्यहरूको नामावली, सम्पर्क नम्बर र कार्यविभाजन वारे जानकारी गराउने ।
- खोपदिने स्वास्थ्यकर्मीले स्थानीय स्वास्थ्य संस्थाबाट खोप केन्द्र सञ्चालनको लागि आवश्यक पर्ने खोप तथा खोप सामग्री सबै आवश्यक परिमाणमा बुझी लिएर खोप केन्द्र स्थलमा आधा घण्टा अगाडि पुग्ने ।
- खोप सेवा सञ्चालन गर्नुभन्दा पहिला खोपदिने स्वास्थ्यकर्मीले खोप टोलीका प्रत्येक सदस्यहरूको कार्यविभाजन सबैलाई प्रष्टसँग बताउने ।

### (ख) खोप सेवा सञ्चालन

- सम्बन्धित हरेक विद्यालयमा खोप केन्द्र सञ्चालन गरेर कक्षा ६ देखि १० सम्मका छात्राहरू सबैलाई एच.पि.भी. खोप दिने । साथै एच. पि. भी. खोप सम्बन्धी बारम्बार सोधिने प्रश्नहरू (FAQ) समेत दिने ।
- विद्यालय नजाने १० देखि १४ वर्षसम्म उमेरका किशोरीहरू र विद्यालयमा एच.पि.भी. खोप लगाउन छुट भएका कक्षा ६ देखि १० सम्मका छात्राहरूलाई अभियानको अन्तिम दिन स्थानीय स्वास्थ्य संस्थाबाट एच.पि.भी. खोप दिने ।

### (ग) खोप टोलीको कार्य विभाजन

- **विद्यालयमा सञ्चालन गरिने खोप केन्द्र**
  - पहिलो स्वयंसेवक (महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका वा अन्य स्वयंसेवक)
    - खोप लगाउनको लागि छात्राहरूलाई कक्षा अनुसार लाइनमा बस्न लगाउने ।
    - विद्यालय नजाने १० देखि १४ वर्षसम्म उमेरका किशोरीहरू पनि एच.पि.भी. खोप लिन आएको भएमा, ती किशोरीहरूलाई छुट्टै लाइनमा बस्न लगाउने ।
    - खोप लगाएपछि हुनसक्ने ए.ई.एफ.आई. निगरानीको लागि आधा घण्टासम्म खोप केन्द्रमा बस्ने व्यवस्था गर्ने र सो कुरा खोप लगाउने छात्रा/किशोरीहरूलाई बताउने ।
    - ए.ई.एफ.आई. निगरानीको लागि बसेका छात्रा/किशोरीहरूलाई निगरानी गर्ने र ए.ई.एफ.आई. भएमा खोपदिने स्वास्थ्यकर्मीलाई तुरुन्त खबर गर्ने र विरामीको उपचार/व्यवस्थापनमा खोपदिने स्वास्थ्यकर्मीलाई सहयोग गर्ने ।
  - दोस्रो स्वयंसेवक (विद्यालय नर्स वा शिक्षिका)
    - एच.पि.भी. खोप लगाउन आएका छात्रा/किशोरीहरू यो खोप अभियानको लागि निर्धारण गरिएको लक्षित समूहभित्र भए नभएको निम्नानुसारको आधारमा निश्चित गर्ने :
      - विद्यालयमा अध्ययन गर्ने कक्षा ६ देखि १० सम्मको छात्राको सन्दर्भमा विद्यालयले उपलब्ध गराएको परिचय पत्र हेरेर वा विद्यालयको हाजिरी रजिष्टर रुजु गरेर ।
      - विद्यालय नजाने १० देखि १४ वर्षसम्म उमेरका किशोरीको सन्दर्भमा निजको जन्मदर्ताको प्रमाणपत्र वा उमेर उल्लेख भएको प्रमाणपत्र हेरेर ।
    - लक्षित समूहभित्रको छात्रा/किशोरी भएको निश्चित भएपछि ती हरेक छात्रा/किशोरीको अभिलेख एच.पि.भी. खोप अभियान रजिष्टरमा लेख्ने ।
    - एच.पि.भी. खोप लगाउन छुट भएका छात्राहरूको नामावली तयार गर्न सहज होस् भन्ने अभिप्रायले कक्षाको हाजिरी रजिष्टरमा हरेक छात्राको नामको लाइनको अगाडि वा अन्त्यमा एच.पि.भी. खोप लगाएको भए ✓ चिन्ह लगाउने र नलगाएको ✘ चिन्ह लगाउने ।

- अभियान खोप कार्डमा खोप लिने छात्राको विवरण लेखेर सम्बन्धित छात्रालाई दिने र खोप कार्ड सुरक्षित राख्न भन्ने ।

- खोपदिने स्वास्थ्यकर्मीको भूमिका
  - एच.पि.भी. खोप लगाउन आएका छात्रा/किशोरीको खोप कार्डमा सबै विवरण भरे नभरेको रुजु गर्ने र कुनै विवरण छुट भएमा पूरा गर्ने ।
  - एच.पि.भी. खोप लगाउन आएका छात्रा/किशोरीलाई एच.पि.भी. खोप लगाउन नहुने कुनै अवस्था भए नभएको सोधपुछ गरेर निश्चित गर्ने र एच.पि.भी. खोप लगाउन नहुने अवस्था नभएका छात्रा/किशोरीलाई एच.पि.भी. खोप दिने ।
  - एच.पि.भी. खोप लगाएका हरेक छात्रा/किशोरीलाई देहाय अनुसार सल्लाह दिने :
    - ए.ई.एफ.आई. निगरानीको लागि खोप केन्द्रमा कम्तीमा ३० मिनेटसम्म बस्न भन्ने ।
    - एच.पि.भी. खोप लगाएपछि हुनसक्ने सामान्य किसिमका प्रतिकूल असरहरूको वारेमा बताउने र घरमा गएपछि त्यस प्रकारका असर देखिएमा गर्नुपर्ने उपचार, व्यवस्थापनको वारेमा बताउने ।
    - गम्भीर प्रकारका ए.ई.एफ.आई.को वारेमा पनि बताउने र घरमा गएपछि कुनै गम्भीर ए.ई.एफ.आई.देखिएमा तुरुन्त नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्न भन्ने ।
  - एच.पि.भी. खोप लगाएका छात्रा/किशोरीहरूलाई ए.ई.एफ.आई.को निगरानी गर्ने ।
  - गम्भीर किसिमको ए.ई.एफ.आई. भएमा तत्काल उपचार र व्यवस्थापन गर्ने र स्वास्थ्य संस्था प्रमुखलाई तुरुन्त जानकारी गराउने ।

विद्यालयमा गएर एच.पि.भी. खोप सेवा प्रदान गर्दा खोपदिने स्वास्थ्यकर्मीले त्यस विद्यालयका विद्यार्थीहरूले राष्ट्रिय खोप तालिकामा समावेश भएका खोपहरू लगाए नलगाएको अवस्था निश्चित गरी सो को प्रतिवेदन स्थानीय स्वास्थ्य संस्थामा बुझाउने व्यवस्था गर्ने गराउने :

- यो कार्य विद्यालय नर्स वा सम्पर्क शिक्षकको समन्वयमा गर्ने ।
- खोप ऐन, २०७२ को दफा ३३ मा उल्लेख गरिएको कानूनी प्रावधानवारे खोपदिने स्वास्थ्यकर्मीले विद्यालयलाई स्मरण गराउने ।

खोप ऐन, २०७२ को दफा ३३ को शीर्षक "खोप कार्ड माग गर्न सक्ने" रहेको छ जसमा विद्यालयले बालबालिका भर्ना गर्दा निजको संरक्षक वा अभिभावकसँग बालबालिकाले राष्ट्रिय खोप कार्यक्रममा समावेश भएका खोपहरू लगाएको प्रमाणपत्र स्वरुप स्वास्थ्य संस्थाबाट दिएको खोप कार्ड माग गरी सो खोप कार्ड हेरेर खोप नलिएको बालबालिकाको अभिलेख राखेर सो को प्रतिवेदन स्थानीय सरकारी स्वास्थ्य संस्थामा पठाउनु पर्नेछ भनी उल्लेख गरिएको छ ।

राष्ट्रिय खोप तालिकामा समावेश भएका खोपहरूको सबै मात्रा नियमित खोप सेवाको माध्यमबाट १५ महिनाको उमेरसम्म लगाएमा खोपबाट बचाउन सकिने विभिन्न रोगहरूबाट सुरक्षित गराउन सकिन्छ । छुट भएमा ती खोपहरू २३ महिनाको उमेरभित्र लगाउन सकिन्छ । यदि २३ महिनाको उमेरभित्र पनि ती खोपहरूको सबै मात्रा पूरा गर्न सकिएको छैन भने २४ महिना देखि ५९ महिना भित्र लगाउन सकिन्छ ।

- राष्ट्रिय खोप तालिकामा समावेश भएका खोपहरू लगाउनु पर्ने पटक र लगाउनु पर्ने उमेरवारे यो निर्देशिकाको पछिल्लो पानामा दिएको राष्ट्रिय खोप तालिका हेर्ने ।

- **स्वास्थ्य संस्थामा सञ्चालन गरिने खोप केन्द्र**
  - कक्षा ६ देखि १० सम्म अध्ययन-अध्ययापन हुने सबै विद्यालयहरूमा खोप केन्द्र सञ्चालन गरेपछि नियमित खोप सेवा प्रदान गर्ने हरेक स्वास्थ्य संस्थामा खोप केन्द्र सञ्चालन गर्ने ।
  - स्वास्थ्य संस्थामा सञ्चालन गरिने खोप केन्द्रबाट विद्यालय नजाने १० देखि १४ वर्षसम्म उमेरका किशोरीहरू र विद्यालयमा एच.पि.भी. खोप लगाउन छुटेका कक्षा ६ देखि १० सम्मका छात्राहरूलाई एच.पि.भी. खोप प्रदान गर्ने ।
  - यी खोप केन्द्रहरूबाट एच.पि.भी. खोप सेवा प्रदान गर्दा विद्यालयमा सञ्चालन गरिने खोप केन्द्रबाट प्रदान गर्दा अपनाउनु पर्ने उपरोक्त कार्य प्रक्रिया पालना गर्ने ।
  - लक्षित किशोरी/ छात्राहरू सबैलाई एक दिनमा खोप दिन नसकिएमा आवश्यकता अनुसार दुई वा सो भन्दा बढी दिनसम्म पनि स्वास्थ्य संस्थामा खोप केन्द्र सञ्चालन गर्ने ।

विद्यालय नभएका गाउँ, टोल र पिछडिएका वर्ग/समुदायको पहुँचको लागि थप खोप केन्द्र सञ्चालन गरेर एच.पि.भी. खोप प्रदान गर्दा उपरोक्त कार्य प्रक्रिया पालना गर्ने ।

### (घ) अनुगमन तथा सुपरीवेक्षण

- एच.पि.भी. खोप अभियानको पूर्वतयारी सम्बन्धी कार्यहरू भए/नभएको अनुगमन तथा सुपरीवेक्षण जिल्ला, स्थानीय तह, स्वास्थ्य संस्था र विद्यालय तहमा गर्ने ।
- एच.पि.भी. खोप अभियान सञ्चालनको अनुगमन तथा सुपरीवेक्षण मुख्यतः विद्यालयमा सञ्चालन गरिने खोप केन्द्रहरूमा गर्ने ।
- एच.पि.भी. खोप अभियानको पूर्वतयारी र खोप केन्द्र सञ्चालनको अनुगमन तथा सुपरीवेक्षण गर्दा विशेषगरी देहायको अवस्थावारे प्रष्ट हुने गरी अनुगमन तथा सुपरीवेक्षण गर्ने गराउने :

- जिल्ला तह
  - जिल्लास्तरीय अभिमुखीकरण तथा योजना तर्जुमा गोष्ठि भए नभएको ।
  - स्थानीय तह/स्वास्थ्य संस्था अनुसारको सूक्ष्मयोजना तर्जुमा भए नभएको ।
  - सूक्ष्मयोजनामा आवश्यक सबै विवरण उल्लेख भए नभएको ।
  - खोप तथा खोप सामग्री प्राप्त भए नभएको र पर्याप्त परिमाणमा भए नभएको ।
- स्थानीय तह
  - स्वास्थ्यकर्मीहरूको अभिमुखीकरण भए नभएको ।
  - म.सा.स्वा.से. र अन्य स्वयंसेवकहरूको अभिमुखीकरण भए नभएको ।
  - खोप तथा खोप सामग्री प्राप्त भए नभएको र पर्याप्त परिमाणमा उपलब्ध भए नभएको ।
- स्वास्थ्य संस्था तह
  - खोप तथा खोप सामग्री प्राप्त भए नभएको र पर्याप्त परिमाणमा उपलब्ध भए नभएको ।
  - तोकिए बमोजिम सम्बन्धित सबै विद्यालयमा र स्वास्थ्य संस्थामा खोप केन्द्रहरू निर्धारण भए नभएको ।
  - प्रत्येक खोप केन्द्रको लागि खोप अभियान सञ्चालन मिति निर्धारण भए नभएको ।
  - प्रत्येक खोप केन्द्रको लागि खोप टोली निर्धारण भए नभएको ।
- विद्यालय तह
  - स्वास्थ्य संस्थाले लक्षित कक्षाका छात्राहरूको नामावली संकलन गरे नगरेको ।
  - वडा अध्यक्ष वा प्रतिनिधी, विद्यालय नर्स वा शिक्षक प्रतिनिधी र स्वास्थ्य संस्था प्रमुखको सहभागीतामा स्थानीय तहको वडास्तरीय बैठक भए नभएको ।
- खोप केन्द्र तह
  - खोपदिने स्वास्थ्यकर्मीलाई लक्षित संख्या एकिन भए नभएको ।
  - लक्षित संख्यालाई एच.पि.भी. खोप दिन पर्याप्त परिमाणमा खोप तथा खोप सामग्री उपलब्ध भए नभएको ।
  - खोपदिने स्वास्थ्यकर्मीलाई एच.पि.भी. खोप दिन नहुने अवस्था र ध्यान दिनुपर्ने कुराहरू थाहा भए नभएको ।
  - एच.पि.भी. खोप ठीक मात्रामा ठीक ठाउँमा ठीक तरिकाले दिएको छ कि छैन ।

- तोकिएको लक्षित समूह बाहेक अन्य व्यक्तिलाई खोप दिएको नदिएको ।
- एच.पि.भी. खोप अभियान रजिष्टर, अभियान खोप कार्डमा विवरण ठीकसँग उल्लेख गरे नगरेको ।
- ट्याली सिटमा ठीकसँग भरेको नभरेको ।

- एच.पि.भी. खोप अभियानको पूर्वतयारी र खोप केन्द्र सञ्चालनको अनुगमन तथा सुपरीवेक्षण गर्दा
  - विगतमा यस प्रकारको अभियान गर्दा पूर्वतयारी, कार्यान्वयन, प्रगति सन्तोषजनक नभएको स्थान/स्वास्थ्य संस्थालाई प्राथमिकता दिने ।
  - अनुगमन तथा सुपरीवेक्षण चेकलिष्ट अनिवार्य रुपमा प्रयोग गर्ने । एच.पि.भी.खोप अभियानको अनुगमन तथा सुपरीवेक्षण गर्ने एप्लीकेसन (मोबाइल फोन/ट्याबलेट/कम्प्यूटरमा आधारित) विधि उपलब्ध भएमा सो एप्लीकेसन प्रयोग गर्ने ।
  - अनुगमन तथा सुपरीवेक्षणको क्रममा देखिएका सकारात्मक र सुधार गर्नुपर्ने पक्षवारे सम्बन्धित स्वास्थ्य संस्था र खोप केन्द्रको सन्दर्भमा खोप टोलीलाई तत्काल पृष्ठपोषण र सुझाव दिने ।

### (ङ) द्रुत सुलभ अनुगमन

- एच.पि.भी. खोप अभियान सम्पन्न भईसकेको भेगमा यो खोप लगाउन छुटे/नछुटेको अनुगमन गरी छुटेका किशोरीहरूलाई अर्को दिन खोप केन्द्र सञ्चालन हुने विद्यालय वा नियमित खोप सेवा सञ्चालन हुने स्वास्थ्य संस्थामा एच.पि.भी. खोप लगाउन पठाउने ।
- द्रुत सुलभ अनुगमन गर्नको लागि **अनुसूची (छ)** अनुसारको फाराम प्रयोग गर्ने र द्रुत सुलभ अनुगमन सो फारामको पछाडि उल्लेख गरिएका बुँदाहरू अनुसार गर्ने ।
- साझेदार निकायहरूबाट समेत गरिएको द्रुत सुलभ अनुगमनको नतिजा/अवस्था परिवार कल्याण महाशाखाको website: https://fwd.gov.np मा राखिने भएकोले आफ्नो कार्यक्षेत्रको एच.पि.भी. खोप अभियानको अवस्था वारे जानकारी लिएर तत्काल गर्नुपर्ने कार्यहरू भए सो गर्ने गराउने ।

### (च) अभिलेख तथा प्रतिवेदन

- अभिलेख
  - एच.पि.भी. खोप लिएका हरेक छात्रा/किशोरीको अभिलेख एच.पि.भी. खोप अभियान रजिष्टरमा लेख्ने ।
    - **नियमित खोपको रुपमा दिएको एच.पि.भी. खोपको अभिलेख** : विद्यालयमा अध्ययन गर्ने कक्षा ६ का छात्राहरू र विद्यालय नजाने १० वर्ष उमेरका किशोरीहरूलाई दिएको एच.पि.भी. खोपको छुट्टिने गरी रजिष्टरमा अभिलेख राख्ने ।

- **अभियानको रुपमा दिएको एच.पि.भी. खोपको अभिलेख :** विद्यालयमा अध्ययन गर्ने कक्षा ७ देखि १० सम्मका छात्राहरू र विद्यालय नजाने ११ देखि १४ वर्षसम्म उमेरका किशोरीहरूलाई दिएको एच.पि.भी. खोपको छुट्टिने गरी रजिष्टरमा अभिलेख राख्ने ।
- खोप रजिष्टर विद्यालय अनुसार छुट्टा-छुट्टै प्रयोग गर्ने अथवा विद्यालय अनुसारको अभिलेख छुट्टिने गरी बीचमा एक पाना खाली राखेर अर्को विद्यालयको नाम लेखेर प्रयोग गर्ने । साथै कक्षा अनुसारको अभिलेख पनि छुट्टिने गरी बीचमा एक पाना खाली राखेर अर्को कक्षाको अभिलेख राख्ने ।

- एच.पि.भीं खोप अभियान रजिष्टरमा अभिलेख राख्दा विद्यालयमा अध्ययन गर्ने छात्राहरू र विद्यालय नजाने किशोरीहरूको अभिलेख पनि छुट्टिने रजिष्टरमा अभिलेख राख्ने ।

- एच.पि.भी. खोप लिएका हरेक छात्रा/किशोरीलाई अभियान खोप कार्ड भरेर दिने ।

- **एच.पि.भी. खोप अभियान रजिष्टरमा अभिलेख राख्ने तरिका**
  - रजिष्टरको बाहिरी पानामा देहाय अनुसार विवरण भर्ने :
    - **प्रदेश :** स्थानीय स्वास्थ्य संस्था रहेको सम्बन्धित प्रदेशको नाम लेख्ने ।
    - **जिल्ला :** स्थानीय स्वास्थ्य संस्था रहेको सम्बन्धित जिल्लाको नाम लेख्ने ।
    - **स्थानीय तह :** स्थानीय गा.पा., न.पा, उप-म.न.पा. वा म.न.पा.को नाम लेख्ने ।
    - **वडा नं. :** रजिष्टर प्रयोग गरिने स्थानीय तहको वडा नं. लेख्ने ।
    - **स्वास्थ्य संस्थाको नाम र ठेगाना :** स्थानीय स्वास्थ्य संस्थाको नाम र स्थानको नाम लेख्ने ।

- रजिष्टरको भित्री पानामा एच.पि.भी. खोप दिएको विवरण देहाय अनुसार भर्ने :
  - **खोपको नाम :** एच.पि.भी. खोप (सिकोलिन) लेख्ने ।
  - **जिल्ला :** सम्बन्धित जिल्लाको नाम लेख्ने ।
  - **स्थानीय तह :** स्थानीय गा.पा., न.पा, उप-म.न.पा. वा म.न.पा.को नाम लेख्ने ।
  - **वडा नं. :** खोप केन्द्र रहेको स्थानीय तहको वडा नं. लेख्ने ।
  - **खोप केन्द्र/विद्यालयको नाम :** खोप केन्द्र सञ्चालन गरेको विद्यालयको नाम लेख्ने अथवा स्वास्थ्य संस्थामा खोप केन्द्र सञ्चालन गरको भए उक्त स्वास्थ्य संस्थाको नाम लेख्ने ।
  - **खोप लगाएको मिति :** एच.पि.भी. खोप लगाएको मिति लेख्ने ।
  - **आई.ई.एम.आई.एस.नं./दर्ता नं. :**
    - विद्यालयमा अध्ययन गर्ने छात्राको सन्दर्भमा निज छात्राको आई.ई.एम.आई.एस.नं. लेख्ने । यो नम्बर कक्षाको हाजिरी रजिष्टर वा विद्यालयको भर्ना रजिष्टरबाट थाहा पाउन सकिन्छ ।

- विद्यालय नजाने किशोरीको सन्दर्भमा दर्ता नं. १ बाट सुरु गरेर क्रमिक रुपमा लेख्ने ।

आई.ई.एम.आई.एस.नं. : शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट लागू गरेको एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (Integrated Educational Management Information System- IEMIS) हो । यो संकेत नम्बर हरेक विद्यार्थीको लागि छुट्टा-छुट्टै हुन्छ र एउटा विद्यालयबाट अर्को विद्यालयमा गएर अध्ययन गर्दा पनि सो नम्बर नै लागू हुन्छ ।

- छात्रा/किशोरीको नाम, थर : खोप लिने छात्रा/किशोरीको नाम र थर लेख्ने ।
- कक्षा : यो महल विद्यालयमा अध्ययन गर्ने छात्राहरूको अभिलेख राख्नको लागि हो । त्यसैले कक्षा ६ मा अध्ययन गर्ने छात्रा भएमा "६" महलको कोठामा ☑ लगाउने वा कक्षा ७ देखि १० सम्मको कक्षामा अध्ययन गर्ने छात्रा भएमा "७-१०" महलको कोठामा ☑ लगाउने ।
- उमेर : यो महल विद्यालय नजाने किशोरीहरूको अभिलेख राख्नको लागि हो । त्यसैले १० वर्ष उमेर को किशोरी भएमा "१०" महलको कोठामा ☑ लगाउने वा ११ देखि १४ वर्षसम्मको उमेरको किशोरी भएमा "११-१४" महलको कोठामा ☑ लगाउने ।
- गाउँ/टोल : खोप लिने छात्रा/किशोरीको गाउँ/टोलको नाम लेख्ने ।
- खोपदिने स्वास्थ्यकर्मीको नाम : निज छात्रा/किशोरीलाई एच.पि.भी. खोप लगाईदिने स्वास्थ्यकर्मीको नाम, थर लेख्ने ।

**एच.पि.भी. खोप अभियान रजिष्टरको अभिलेख सम्बन्धित स्वास्थ्य संस्थाले कम्तीमा १० वर्षसम्म सुरक्षित गरी राख्ने व्यवस्था गर्ने गराउने ।**

- **अभियान खोप कार्ड भर्ने तरिका**
  - एच.पि.भी. खोप लिने हरेक छात्रा/किशोरीको विवरण अभियान खोप कार्डमा निम्नानुसार लेखेर सो खोप कार्ड निज छात्रा/किशोरीलाई दिने :
    - **स्वास्थ्य संस्थाको छाप** : एच.पि.भी. खोप सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाको छाप लगाउने र यो कार्य एकदिन पहिला नै गर्नुपर्दछ ।
    - **आई.ई.एम.आई.एस.नं./दर्ता नं.** : एच.पि.भी. खोप अभियान रजिष्टरमा लेखेको आई.ई.एम. आई.एस.नं./दर्ता नं. नम्बर लेख्ने ।
    - **खोपलिने व्यक्तिको नाम, थर** : खोप लिने छात्रा/किशोरीको नाम र थर लेख्ने ।
    - **उमेर** : विद्यालय नजाने किशोरी भएमा निजको उमेर पूरा भएको वर्ष लेख्ने तर महिना लेख्ने ठाउँमा केही नलेख्ने ।
    - **लिङ्ग** : एच.पि.भी. खोप छात्रा/किशोरीलाई मात्रै लगाइने भएकोले महिलाको कोठामा ☑ लगाउने ।

- **खोप केन्द्र/विद्यालयको नाम** : खोप केन्द्र सञ्चालन गरेको विद्यालयको नाम लेख्ने अथवा स्वास्थ्य संस्थामा खोप केन्द्र सञ्चालन गरको भए उक्त स्वास्थ्य संस्थाको नाम लेख्ने ।
- **कक्षा** : विद्यालयमा अध्ययन गर्ने छात्रा भएमा निज छात्राले अध्ययन गर्ने कक्षा लेख्ने ।
- खोप दिएको विवरण
    - **खोपको नाम** : एच.पि.भी. (सिकोलिन) लेख्ने ।
    - **खोप लगाएको मिति** : एच.पि.भी. खोप लगाएको गते, महिना र साल लेख्ने ।
    - **खोपदिने स्वास्थ्यकर्मीको नाम** : एच.पि.भी. खोपदिने स्वास्थ्यकर्मीको नाम लेख्ने ।

- प्रतिवेदन
    - खोपदिने स्वास्थ्यकर्मीले खोप सेसन सम्पन्न भएपछि खोप केन्द्रमा प्रयोग गरेको ट्याली सिटको विवरण र एच.पि.भी. खोप अभियान रजिष्टरको अभिलेखसँग रुजु गरेर सो दिनमा नै उक्त ट्याली सिट सम्बन्धित स्वास्थ्य संस्थामा बुझाउने ।
    - स्वास्थ्य संस्थाले कक्षा ६ का छात्राहरू र विद्यालय नजाने १० वर्ष उमेरका किशोरीहरू तथा कक्षा ७ देखि १० सम्मका छात्राहरू र विद्यालय नजाने ११ देखि १४ वर्षसम्म उमेरका किशोरीहरूको प्रगति विवरण छुट्टा-छुट्टै समायोजन गरेर खोप केन्द्र अनुसारको विवरण छुट्टिने गरी तोकिएको प्रतिवेदन फाराम अनुसार यो खोप अभियानको प्रतिवेदन तयार गरेर **अभियान सम्पन्न भएको तीन दिनभित्र** स्थानीय तहमा पठाउने ।
    - स्थानीय तहले कक्षा ६ का छात्राहरू र विद्यालय नजाने १० वर्ष उमेरका किशोरीहरू तथा कक्षा ७ देखि १० सम्मका छात्राहरू र विद्यालय नजाने ११ देखि १४ वर्षसम्म उमेरका किशोरीहरूको प्रगति विवरण छुट्टा-छुट्टै समायोजन गरेर वडा अनुसारको विवरण छुट्टिने गरी तोकिएको प्रतिवेदन फाराम अनुसार यो खोप अभियानको प्रतिवेदन तयार गरेर **अभियान सम्पन्न भएको सात दिनभित्र** स्वास्थ्य कार्यालयमा पठाउने ।
    - स्थानीय तह/स्वास्थ्य संस्थाले नियमित खोपको रुपमा कक्षा ६ का छात्राहरू र विद्यालय नजाने १० वर्ष उमेरका किशोरीहरूलाई लगाएको एच.पि.भी. खोप सेवाको प्रगतिको तथ्यांक **अभियान सम्पन्न भएको दश दिनभित्र** DHIS II मा प्रविष्ट गर्ने ।
    - स्वास्थ्य कार्यालयले कक्षा ६ का छात्राहरू र विद्यालय नजाने १० वर्षका किशोरीहरू तथा कक्षा कक्षा ७ देखि १० सम्मका छात्राहरू र विद्यालय नजाने ११ देखि १४ वर्षसम्म उमेरका किशोरीहरूको प्रगति विवरण छुट्टा-छुट्टै समायोजन गरेर स्थानीय तह अनुसारको विवरण छुट्टिने गरी तोकिएको प्रतिवेदन फाराम अनुसार यो खोप अभियानको प्रतिवेदन तयार गरेर **अभियान सम्पन्न भएको दश दिनभित्र** प्रदेश स्वास्थ्य निर्देशनालय र स्वा.से.वि. परिवार कल्याण महाशाखामा पठाउने ।

- स्वास्थ्य कार्यालयले जिल्लाभरीको दैनिक प्रगति विवरण संकलन गरी समायोजन गरेर यो खोप अभियानको दैनिक प्रगति प्रदेश स्वास्थ्य निर्देशनालय र स्वा.से.वि. परिवार कल्याण महाशाखामा तोकिएको संचार माध्यमबाट दैनिक रुपमा प्रतिवेदन गर्ने ।

### ३.४.७ प्रयोग गरेको सिरिञ्ज, निडिल र अन्य फोहरको विर्सजन

एच.पि.भी. खोप अभियानमा खोपजन्य फोहरमैलाको विसर्जन वातावरण मैत्री हुनेगरी फोहरमैला निर्देशिका अनुसरण गरेर, विगतमा गरिँदै आएको तरिका अनुरुप गर्ने गराउने । यस सन्दर्भमा हव कटर उपलब्ध भएमा हव कटर प्रयोग गरेर निडिल र सिरिञ्ज छुट्टा-छुट्टै संकलन गर्ने ।

### ३.४.८ समीक्षा तथा मूल्याङ्कन

एच.पि.भी. खोप अभियान सम्पन्न भएपछि सबै तहमा यो खोप अभियानको समिक्षा गरेर सबल पक्ष र सुधार गर्नुपर्ने पक्षहरूको पहिचान गरी माथिल्लो निकायमा सुझाव र तल्लो निकायमा पृष्ठपोषण पठाउने ।

## ३.५ आ.व. २०८२/८३ देखि सञ्चालन गरिने नियमित एच.पि.भी. खोप सेवा

### ३.५.१ लक्षित समूह : **विद्यालयमा अध्ययन गर्ने कक्षा ६ का छात्राहरू र विद्यालय नजाने १० वर्ष उमेरका किशोरीहरू ।**

### ३.५.२ खोप सेवा सञ्चालन कार्यनीति

- स्थानीय स्वास्थ्य संस्थाले कक्षा ६ मा अध्ययन-अध्यापन हुने हरेक विद्यालयमा गएर उक्त कक्षामा अध्ययन गर्ने छात्राहरूको नामावली सेक्सन भएमा सेक्सन अनुसार संकलन गर्ने ।
- स्थानीय स्वास्थ्य संस्थाले स्थानीय तह र महिला सामुदायिक स्वास्थ्य स्वंसेविकासँग समन्वय गरेर आफ्नो कार्यक्षेत्रमा विद्यालय नजाने १० वर्ष उमेरका किशोरीहरूको नामावली संकलन गर्ने वा यो उमेर समूहको किशोरीहरूको जम्मा संख्या अनुमान गर्ने ।
- स्थानीय स्वास्थ्य संस्थाले सम्बन्धित हरेक विद्यालयसँग समेत सम्पर्क र समन्वय गरेर एच.पि.भी. खोप सेवा सञ्चालनको सूक्ष्म योजना तर्जुमा गर्ने ।
- कक्षा ६ मा अध्ययन-अध्यापन हुने हरेक विद्यालयमा खोप केन्द्र सञ्चालन गरेर ती कक्षाका सबै छात्राहरूलाई एच.पि.भी. खोप दिने ।
- विद्यालय नजाने १० वर्ष उमेरका किशोरीहरू र एच.पि.भी. खोप लगाउन छुट भएका कक्षा ६ का छात्राहरूलाई यो खोप सेवा प्रदान गर्ने महिनामा नियमित खोप केन्द्रहरूबाट एच.पि.भी. खोप दिने ।
- विद्यालयमा कक्षा ६ मा अध्ययन गर्ने छात्राहरू र विद्यालय नजाने १० वर्ष उमेरका किशोरीहरूको अभिलेख छुट्टिने गरी खोप रजिष्टर (HMIS 2.22) मा अभिलेख राख्ने र एच.पि.भी. खोप लगाएका हरेक छात्रा/किशोरीलाई नियमित खोप सेवामा प्रयोग गरिने खोप कार्ड भरेर दिने ।

- स्थानीय तह/स्वास्थ्य संस्थाले नियमित खोप सेवाको प्रगति विवरणको तथ्यांक अनुरुप एच.पि.भी. खोप सेवाको प्रगति विवरणको तथ्यांक पनि DHIS II प्रविष्ट गर्ने ।

### ३.५.३ खोप सेवा सञ्चालन मिति

फागुन महिनालाई नियमित एच.पि.भी. खोप सेवा सञ्चालन गर्ने महिना निर्धारण गरिएको छ । तसर्थ, हरेक वर्षको फागुन महिनामा मात्र नियमित एच.पि.भी. खोप सेवा प्रदान गर्ने ।

**यदि कुनै विशेष कारणले फागुन महिनामा एच.पि.भी. खोप सेवा सञ्चालन गर्न नसकिने भएमा, स्वास्थ्य कार्यालयले सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाई र स्थानीय तहहरूसँग समन्वय गरेर एच.पि.भी. खोप सेवा सञ्चालन गर्ने मिति निर्धारण गर्ने र सो बारे प्रदेश स्वास्थ्य निर्देशनालय र स्वा.से.वि. परिवार कल्याण माहाशाखालाई अविलम्ब जानकारी गराउनु पर्ने ।**

### ३.५.४ खोप सेवा सञ्चालनको पूर्वतयारी

- स्थानीय स्वास्थ्य संस्थाले आफ्नो कार्यक्षेत्रभित्र रहेका कक्षा ६ मा अध्ययन-अध्यापन हुने हरेक विद्यालयमा गएर कक्षा ६ मा अध्ययन गर्ने छात्राहरूको नामावली (सेक्सनहरू भएमा सेक्सन अनुसारको संख्या छुट्टिने गरी) संकलन गर्ने ।
- स्थानीय स्वास्थ्य संस्थाले टोल सुधार समिति, स्थानीय जनप्रतिनिधी, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूसँग समन्वय गरेर विद्यालय नजाने १० वर्ष उमेरका किशोरीहरूको नामावली वडा/गाउँ-टोल अनुसार छुट्टिने गरी संकलन गर्ने ।
- एच.पि.भी. खोप सेवा पनि नियमित खोप सेवा नै भएको हुँदा सूक्ष्मयोजना लगायत पूर्वतयारीका अन्य सबै कार्यहरू नियमित खोप सेवा अनुरुप गर्ने गराउने ।
- विद्यालयसँग समन्वय गरेर मात्र खोप सेवा सञ्चालन गर्ने मिति र समय निर्धारण गर्ने । विद्यालयमा सञ्चालन हुने खोप केन्द्रमा विद्यालय नजाने लक्षित उमेरका किशोरीहरूले पनि उक्त खोप केन्द्रमा खोप लगाउन आउँदा तहाँबाट एच.पि.भी. खोप लिन पाउने व्यवस्था गर्ने ।

### ३.५.५ खोप सेवा सञ्चालन तथा व्यवस्थापन

- कक्षा ६ मा अध्ययन-अध्यापन हुने हरेक विद्यालयमा खोप केन्द्र सञ्चालन गरेर कक्षा ६ का सबै छात्राहरूलाई एच.पि.भी. खोप दिने ।
- विद्यालय नजाने १० वर्ष उमेरका किशोरीहरू र एच.पि.भी. खोप लगाउन छुट भएका कक्षा ६का छात्राहरूलाई फागुन महिनामा सञ्चालन हुने नियमित खोप केन्द्रहरूबाट एच.पि.भी. खोप दिने ।
- नियमित खोप सेवामा खोपदिने स्वास्थ्यकर्मीको रुपमा परिचालन हुने स्वास्थ्यकर्मीलाई एच.पि.भी. खोप दिनको लागि विद्यालयमा खोप केन्द्र सञ्चालनको लागि परिचालन गर्ने ।

- विद्यालयमा खोप केन्द्र सञ्चालन गर्दा विद्यालय नर्स वा एच.पि.भी. खोप सेवाको लागि तोकिएको सम्पर्क शिक्षिकाबाट आवश्यक सहयोग लिने व्यवस्था मिलाउने ।
- विद्यालयमा गएर एच.पि.भी. खोप सेवा प्रदान गर्दा खोपदिने स्वास्थ्यकर्मीले त्यस विद्यालयका विद्यार्थीहरूले राष्ट्रिय खोप तालिकामा समावेश भएका खोपहरू लगाए नलगाएको अवस्था निश्चित गरी सो को प्रतिवेदन स्थानीय स्वास्थ्य सस्थामा बुझाउने व्यवस्था गर्ने गराउने :
  - यो कार्य विद्यालय नर्स वा सम्पर्क शिक्षकको समन्वयमा गर्ने ।
  - खोप ऐन, २०७२ को दफा ३३ मा उल्लेख भएको कानूनी प्रावधानवारे खोपदिने स्वास्थ्यकर्मीले विद्यालयलाई स्मरण गराउने ।

**खोप ऐन, २०७२ को दफा ३३ को शीर्षक “खोप कार्ड माग गर्न सक्ने” रहेको छ जसमा विद्यालयले बालबालिका भर्ना गर्दा निजको संरक्षक वा अभिावकसँग बालबालिकाले राष्ट्रिय खोप कार्यक्रममा समावेश भएका खोपहरू लगाएको प्रमाणपत्र स्वरुप स्वास्थ्य संस्थाबाट दिएको खोप कार्ड माग गरी सो खोप कार्ड हेरेर खोप नलिएको बालबालिकाको अभिलेख राखेर सो को प्रतिवेदन स्थानीय सरकारी स्वास्थ्य संस्थामा पठाउनु पर्नेछ भनी उल्लेख गरिएको छ ।**

**राष्ट्रिय खोप तालिकामा समावेश भएका खोपहरूको सबै मात्रा नियमित खोप सेवाको माध्यमबाट १५ महिनाको उमेरभित्र लगाएमा खोपबाट बचाउन सकिने विभिन्न रोगहरूबाट सुरक्षित गराउन सकिन्छ । छुट भएमा ती खोपहरू २३ महिनाको उमेरभित्र लगाउन सकिन्छ । यदि २३ महिनाको उमेरभित्र पनि ती खोपहरूको सबै मात्रा पूरा गर्न सकिएको छैन भने २४ महिना देखि ५९ महिना भित्र लगाउन सकिन्छ ।**

  - राष्ट्रिय खोप तालिकामा समावेश भएका खोपहरू लगाउनु पर्ने पटक र लगाउनु पर्ने उमेरवारे यो निर्देशिकाको पछिल्लो पानामा दिएको राष्ट्रिय खोप तालिका हेर्ने ।

### ३.५.६ अभिलेख तथा प्रतिवेदन

- एच.पि.भी. खोप लिएका कक्षा ६ का हरेक छात्रा र १० वर्ष उमेरका हरेक किशोरीको विवरण खोप रजिष्टर (HMIS 2.2) मा अभिलेख राख्ने ।
  - एच.पि.भी. खोप लिएका कक्षा ६ का छात्राहरूको विवरण विद्यालय अनुसार (सेक्सन भएमा सेक्सन अनुसार) छुट्टिने गरी खोप रजिष्टरको छुट्टा-छुट्टै पानामा अभिलेख राख्ने ।
  - विद्यालय नजाने १० वर्ष उमेरका किशोरीहरूको विवरण खोप केन्द्र अनुसार छुट्टिने गरी खोप रजिष्टरको छुट्टै पानामा अभिलेख राख्ने ।
- एच.पि.भी. खोप लिएका हरेक छात्रा/किशोरीलाई नियमित खोप कार्ड भरेर सो खोप कार्ड दिने ।

**(ख) प्रतिवेदन**

- खोपदिने स्वास्थ्यकर्मीले खोप सेसनको अन्त्यमा खोप रजिष्टरको अभिलेखबाट रुजु गरेर एच.पि.भी. खोपको प्रगति ट्याली सिटमा समायोजन गरी सो दिनमा नै सम्बन्धित स्वास्थ्य संस्थामा प्रगति विवरण पेश गर्ने ।
- स्वास्थ्य संस्थाले सबै खोप केन्द्रहरूको ट्याली सिटको प्रगति विवरण समायोजन गरेर खोप केन्द्र अनुसारको लक्ष्य र प्रगति छुट्टिने गरी नियमित खोप सेवाको एकमुष्ठ प्रतिवेदन तोकिएको फाराम बमोजिम तयार गरेर मासिक प्रगति प्रतिवेदनसंगै स्थानीय तहमा पठाउने ।
- स्थानीय तह/स्वास्थ्य संस्थाले नियमित खोप सेवाको मासिक प्रगति विवरणसंगै एच.पि.भी. खोप सेवाको प्रगति विवरणको तथ्यांक पनि DHIS II मा प्रविष्ट गर्ने ।

भाग ४

# खोप तथा कोल्ड चेन व्यवस्थापन

## ४.१ परिचय

एच.पि.भी. खोप धेरै चिसोसँग संवेदनशिल (Freeze Sensitive) खोप हो । यो खोप भण्डारण, ढुवानी, वितरण र खोप सञ्चालन गर्दा सबै तहमा +२° से. देखि +८° से तापक्रम कायम हुने गरी कोल्डचेन व्यवस्थापन गर्नु पर्दछ । यो खोप सेवाको लागि लक्षित समूह विद्यालयमा अध्ययन गर्ने कक्षा ६ का छात्राहरू र विद्यालय नजाने १० वर्ष उमेरका किशोरीहरू भएकोले कक्षा ६ अध्ययन-अध्ययापन गर्ने हरेक विद्यालयमा गएर एच.पि.भी. खोप दिनुपर्दछ । त्यसैले कोल्ड बक्स, भ्याक्सिन क्यारियर र आइसप्याक थप संख्यामा जरुरी हुन्छ । यसको लागि स्वास्थ्य कार्यालय, जिल्लाभरीका स्थानीय तह र स्वास्थ्य संस्थाहरूमा रहेका ती उपकरण देहाय बमोजिम आन्तरिक व्यवस्थापन गर्नुपर्छः

- खोप भण्डारण गर्ने चिस्यान कोठा (वाक-इन-कुलर), रेफ्रिजेरेटर, कोल्ड बक्सको क्षमता, संख्या र अवस्था एकिन गरेर खोप भण्डारण गर्ने अग्रिम व्यवस्था मिलाउने ।
- स्वास्थ्य कार्यालयले खोप सेवा सञ्चालनको पूर्वतयारी गर्दा नै स्थानीय तह, वडा र स्वास्थ्य संस्थामा रहेका कोल्डचेन उपकरण जस्तै रेफ्रिजेरेटर, कोल्ड बक्स, भ्याक्सिन क्यारियर, आइस प्याकको विवरण अद्यावधिक गर्नुपर्दछ । यसको लागि जिल्लास्तरीय गोष्ठीमा आउँदा स्थानीय तह र स्वास्थ्य संस्थाले उक्त विवरण तोकिएको फाराममा अद्यावधिक गरी ल्याउन ल्याउन पूर्वजानकारी गराउने ।
- जिल्लास्तरीय गोष्ठीमा सहभागी हुन आउँदा सहभागीहरूले ल्याएको उक्त विवरण र जिल्ला तहमा भएको कोल्डचेन उपकरणको सूचीको आधारमा कोल्डचेन व्यवस्थापनको आन्तरिक व्यवस्थापनको योजना बनाउने ।
- मौज्दातमा रहेका कोल्डचेन सामग्री अपुग हुने भएमा अग्रिम रुपमा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमा पत्रचार गरी समन्वय गर्ने र सो वारे स्वा.से.वि. व्यवस्थापन महाशाखा र परिवार कल्याण महाशाखालाई लिखित जानकारी गराउने ।
- रेफ्रिजेरेटर भएका स्वास्थ्य संस्थाहरूमा रेफ्रिजेरेटर तथा फ्रिजरहरूलाई चालु अवस्थामा राखेर एच.पि.भी. खोप सेवा सञ्चालन अवधिभर खोप भण्डारण, आइसप्याक तयार गर्ने र वितरण गर्ने व्यवस्था मिलाउने ।
- रेफ्रिजेरेटर नभएका खोप वितरण केन्द्रहरूमा खोप भण्डारण गर्नको लागि कोल्ड बक्स उपलब्ध गराउने ।
- जिल्ला तह देखि स्थानीय तह र स्वास्थ्य संस्था तहसम्म खोप र आइसप्याक ढुवानी गर्न हरेक स्वास्थ्य संस्थाले कोल्ड बक्सको प्रयोग गर्ने ।

- स्वास्थ्य संस्थाबाट खोप केन्द्रसम्म खोप ढुवानी र खोप केन्द्रमा प्रयोग गर्न चार आइसप्याक क्षमता भएको भ्याक्सिन क्यारियर मात्र प्रयोग गर्ने ।
- कोल्ड बक्स र भ्याक्सिन क्यारियरमा खोप भण्डारण र ढुवानी गर्दा **कण्डिसनिङ्ग गरेको आईसप्याक मात्र** प्रयोग गर्ने साथै खोप भायलहरू जीपलक ब्यागमा राख्ने ।
- खोप सेवा सम्पन्न भएपछि बाँकी रहेका खोपहरू कोल्डचेन कायम गरी नजिकैको खोप वितरण केन्द्र वा जिल्ला भ्याक्सिन स्टोरमा फिर्ता गर्ने गराउने ।

## ४.२ खोप सामग्रीको वितरण

### संघीय तह तथा प्रदेश तह

- केन्द्रीय खोप भण्डारणबाट प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमा एच.पि.भी खोप ढुवानी गरेर पठाउँदा आवश्यक परिमाण निश्चित गरी प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रलाई पूर्वसूचना दिएर ढुवानी गर्ने व्यवस्था मिलाउने ।
- केन्द्रीय खोप भण्डारबाट प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमा एच.पि.भी. खोप वितरण गर्दा रेफ्रिजेरेटर भ्यानमा रोखेर ढुवानी गर्ने ।
- प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट स्वास्थ्य कार्यालयमा खोप ढुवानी गरेर पठाउँदा जिल्लाको सुक्ष्मयोजना अनुसार परिमाण निश्चित गरेर सम्बन्धित स्वास्थ्य कार्यालयमा समयमै पुग्ने गरी पठाउने ।
- सडक यातायातको पहुँच नभएका वा सडक यातायातको नियमित सुविधा नभएका हिमाली वा पहाडी जिल्लाहरूमा एच.पि.भी. खोप समयमा नै पुग्ने गरी ढुवानी गर्न प्राथमिकता दिनुपर्ने ।

### स्वास्थ्य कार्यालय

- स्थानीय स्वास्थ्य संस्थालाई आवश्यक पर्ने एच.पि.भी. खोप र खोप सामग्रीको परिमाण सूक्ष्मयोजनाको आधारमा अनुमान गर्ने ।
- जिल्लातहमा खोप भण्डारण गर्ने क्षमता र एच.पि.भी. खोप सेवा सञ्चालनको योजना अनुरुप प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रसँग समन्वय गरी खोप आपूर्तिको तालिका निश्चित गर्ने ।
- सडक यातायातको पहुँच नभएका वा सडक यातायातको नियमित सुविधा नभएका हिमाली वा पहाडी जिल्लाले एच.पि.भी. खोप सेवा सञ्चालन हुने दिनभन्दा कम्तिमा दुईहप्ता अगाडि नै स्वास्थ्य कार्यालयमा खोप तथा खोप सामग्री प्राप्त गरीसक्ने व्यवस्था गर्ने ।
- स्वास्थ्य कार्यालयले एच.पि.भी. खोप सेवा सञ्चालनको कम्तिमा १ दिन अगावै हरेक स्वास्थ्य संस्थामा खोप तथा खोप सामग्री आवश्यक परिमाणमा समयमा नै पुगेको सुनिश्चित गर्ने ।

## स्थानीय तह र स्वास्थ्य संस्था स्तर

- स्थानीय तह र स्वास्थ्य संस्थाले कोल्ड बक्स वा उपलब्ध भएमा रेफ्रिजेरेटरमा खोप भण्डारण गरेर कोल्डचेन कायम गर्ने व्यवस्था मिलाउने ।
- आइसप्याक उत्पादन गर्ने सुविधा भएको स्थानीय तह वा स्वास्थ्य संस्थाले समयमा नै आइस प्याक उत्पादन गरेर वितरण गर्ने व्यवस्था मिलाउने ।
- स्थानीय स्वास्थ्य संस्थाले तोकिएको खोप वितरण केन्द्र वा स्वास्थ्य कार्यालयबाट पूर्वयोजना अनुसार खोप तथा खोप सामग्री प्राप्त गर्ने व्यवस्था मिलाउने ।
- खोपदिने स्वास्थ्यकर्मीले प्रत्येक दिन विहान स्थानीय स्वास्थ्य संस्थाबाट आवश्यक खोप, सिरिन्ज, सेफ्टी बक्स, खोप रजिष्टर र खोप कार्ड लिएर खोप केन्द्रमा जाने र उक्त दिनको खोप सेवा सम्पन्न भएपछि बाँकी रहेको खोप कोल्डचेन कायम गरी स्वास्थ्य संस्थामा फिर्ता गर्ने ।

**एच.पि.भी. खोप सेवाको लागि जरुरी हुने खोप सामग्री जस्तै– ए.डि.सिरिन्ज, सेफ्टीबक्स, खोप रजिष्टर, खोप कार्ड, फारामहरू स्थानीय स्वास्थ्य संस्थामा पर्याप्त परिमाणमा समयमा नै पुग्ने गरी केन्द्र तह, प्रदेश तह र जिल्ला तहको सम्बन्धित निकायले ध्यान दिनु पर्ने ।**

## कोल्ड बक्स तथा भ्याक्सिन क्यारियरमा एच.पि.भी. खोप राख्न सकिने क्षमताको अनुमान

यो वर्ष सञ्चालन हुने एच.पि.भी. खोप अभियानमा एच.पि.भी. खोप (सिकोलिन) एक मात्राको भायलमा उपलब्ध हुन्छ । यो खोपको प्रति मात्रा आयतन १४.६ क्यूविक से.मि. हुन्छ र यो अङ्कलाई १००० ले भाग गरेमा यसको आयतन लिटरमा आउँछ । त्यसैले कोल्ड बक्स र भ्याक्सिन क्यारियरमा यो खोप भण्डारण र ढुवानी गर्न उपलब्ध उपकरणको आयतन हेरेर यसको भण्डारण गर्ने क्षमता अनुमान गर्नु पर्दछ ।

## उदाहरणको लागि

सिकोलिन खोप एक मात्रा भायलको कोल्डचेन आयतन =१४.६ क्यूविक से.मि.

=१०००/१४.६

=६८ भायल

त्यसैले १ लिटर क्षमता भएको कोल्ड बक्स वा भ्याक्सिन क्यारियरमा ६८ भायल सिकोलिन खोप राख्न सकिन्छ ।

हाल उपलब्ध विभिन्न मोडेलका कोल्ड बक्स र भ्याक्सिन क्यारियरहरूमा निम्नानुसार एक मात्राको एच.पि.भी. खोप (सिकोलिन) भायल राख्न सकिन्छ ।

| S.N. | Type | Manufacturer | Model | Ice Pack type | PQS Code | Capacity (L) | Storage Capacity* |
|---|---|---|---|---|---|---|---|
| 1 | Vaccine Carrier | AOV International | AVC 44 | 0.4 L | PQS E004/008 | 1.35 | 92 |
| 2 | Vaccine Carrier | AOV International | AVC 46 | 0.6 L | PQS E004/009 | 2.5 | 171 |
| 3 | Vaccine Carrier | Blow Kings | BK-VC-1.7-CF | 0.4 L | PQS E004/021 | 1.7 | 116 |
| 4 | Vaccine Carrier | Blow Kings | BK-VC-2.6-CF | 0.6 L | PQS E004/020 | 2.6 | 178 |
| 5 | Vaccine Carrier | Blow Kings | BK-VC-3.4-CF | 0.6 L | PQS E004/043 | 3.4 | 233 |
| 6 | Vaccine Carrier | Nilkamal Ltd | BCVC 44A | 0.4 L | PQS E004/035 | 1.44 | 99 |
| 7 | Vaccine Carrier | Nilkamal Ltd | BDVC44 | 0.4 L | PQS E004/054 | 1.7 | 116 |
| 8 | Vaccine Carrier | Nilkamal Ltd | BDVC46 | 0.6 L | PQS E004/055 | 3.36 | 230 |
| 9 | Vaccine Carrier | Nilkamal Ltd | BCVC46 | 0.6 L | PQS E004/040 | 2.7 | 185 |
| 10 | Vaccine Carrier | Nilkamal Ltd | BCVC43A | 0.4 L | PQS E004/049 | 1.44 | 99 |
| 11 | Vaccine Carrier | Nilkamal Ltd | BCVC44B | 0.4 L | PQS E004/053 | 1.48 | 101 |
| 12 | Vaccine Carrier | Apex International | AIVC 44 | 0.4 L | PQS E004/044 | 1.67 | 114 |
| 13 | Vaccine Carrier | Apex International | AIVC-46 | 0.6 L | PQS E004/047 | 2.9 | 199 |
| 14 | Freeze Free Vaccine Carrier | Qingdao International Ltd | FFVC-1.7 | 0.6 L | PQS E004/051 | 1.7 | 116 |

*Number of Cecolin Vaccine Single-dose Vial

| S.N. | Type | Manufacturer | Model | PQS Code | Capacity (L) | Storage Capacity* |
|---|---|---|---|---|---|---|
| 1 | Cold Box | Blow Kings | CB-55-CF | PQS E004/019 | 7 | 479 |
| 2 | Cold Box | Blow Kings | CB-12-CF | PQS E004/018 | 12 | 822 |
| 3 | Cold Box | Blow Kings | CB-20-CF | PQS E004/025 | 20 | 1,370 |
| 4 | Cold Box | B Medical System | RCW 25 | PQS E004/005 | 20 | 1,370 |
| 5 | Cold Box | Nilkamal Ltd | RCB 246 SL | PQS E004/026 | 16 | 1,096 |
| 6 | Cold Box | Nilkamal Ltd | RCB 324 SS | PQS E004/027 | 15 | 1027 |
| 7 | Cold Box | Nilkamal Ltd | RCB 244 SS | PQS E004/056 | 10.7 | 733 |
| 8 | Cold Box | Nilkamal Ltd | RCB 444 L | PQS E004/013 | 23 | 1,575 |
| 9 | Cold Box | Nilkamal Ltd | RCB 264 SL | PQS E004/034 | 6 | 411 |
| 10 | Cold Box | AOV International | ACB 503 L | PQS E004/015 | 18 | 1,233 |
| 11 | Cold Box | AOV International | ACB 246 LS | PQS E004/017 | 16 | 1,096 |
| 12 | Cold Box | AOV International | ACB 264 SL | PQS E004/023 | 6 | 411 |
| 13 | Cold Box | AOV International | ACB 316 L | PQS E004/024 | 18 | 1,233 |
| 14 | Cold Box | Apex International | AICB 503 L | PQS E004/031 | 22.5 | 1,541 |
| 15 | Cold Box | Apex International | AICB-156L | PQS E004/035 | 5.5 | 377 |

*Number of Cecolin Vaccine Single-dose Vial

# भाग ५

# ए.ई.एफ.आई.को निगरानी

## ५.१ परिचय

खोप लगाएपछि हुने कुनै पनि स्वास्थ्य सम्बन्धी अनपेच्छित घटना (AEFI- Adverse Event Following Immunizaton), जुन खोप प्रयोगको कारणबाट नभएको पनि हुनसक्छ। यस्ता अनपेच्छित घटनाहरू खोप लगाएपछि अप्रत्याशित चिन्ह, लक्षण, प्रयोगशाला परीक्षणको असामान्य परिणाम वा रोगको रुपमा देखा पर्दछन् ।

सिकोलिन खोप विश्व स्वास्थ्य संगठनबाट गुणस्तर प्रमाणीकरण भएको खोप हो । नेपालमा यो खोप प्रयोग गर्नको लागि गर्त वर्ष नै औषधि व्यवस्था विभागबाट अनुमती प्राप्त भएको थियो र सातवटै प्रदेशका १/१ वटा अस्पतालबाट १४ वर्षका करिब १० हजार किशोरीहरूलाई यो खोप दिइएको थियो र कुनै पनि किशोरीलाई गम्भीर प्रकारको अनपेच्छित घटना भएको थिएन ।

कुनै पनि खोप वा औषधी शत्प्रतिशत सुरक्षित हुँदैन । त्यसैले कहिलेकाँही अनपेच्छित घटना हुनसक्छ तर गम्भीर प्रकारको अनपेच्छित घटना हुने सम्भावना अत्यन्तै न्युन हुन्छ । खोप लगाएपछि हल्का ज्वरो आउने, सुई लगाएको ठाउँमा दुख्ने, रातो हुने वा सुन्निने, सुई लगाएको ठाउँबाट रगत आउने जस्ता सामान्य प्रकारका प्रतिकूल असरहरू देखिन सक्छन् र प्राय: गरेर आफै ठीक हुन्छन् ।

खोप सेवा सञ्चालनको पूर्वतयारी गर्दा हरेक जिल्लामा स्वास्थ्य कार्यालयले चिकित्सकको संयोजकत्वमा ए.ई.एफ.आई. व्यवस्थापन टोली गठन गरेर अस्पताल र प्राथमिक स्वास्थ्य केन्द्रमा ए.ई.एफ.आई. व्यवस्थापन केन्द्र स्थापना गर्नुपर्छ र आवश्यकता अनुसार घुम्ति ए.ई.एफ.आई. टोली समेत परिचालन गर्नुपर्छ ।

खोप लगाएपछि भएका कुनै पनि अनपेच्छित घटनाको यथार्थ विवरण समय-समयमा जानकारी गराउन जिल्ला, प्रदेश र केन्द्रस्तरमा एकजना प्रवक्ता छनोट गरी सो व्यक्तिले मात्र ए.ई.एफ.आई.को जानकारी दिने व्यवस्था गर्नु गराउनु पर्दछ । आवश्यकता भएमा यस प्रकारको प्रवक्ता स्वास्थ्य संस्था तहमा पनि छनौट गरी सो बमोजिम गर्ने गराउने व्यवस्था मिलाउनु पर्दछ ।

## ५.२ निश्चित कारणको आधारमा ए.ई.एफ.आई.को वर्गिकरण

| कारणहरू | परिभाषा |
| --- | --- |
| **खोप उत्पादनसँग सम्बन्धित प्रतिक्रिया**<br>(Vaccine product related reaction) | खोप उत्पादन गर्दा खोपमा निहित एक वा एकभन्दा बढी तत्वहरूको कारणबाट उत्पन्न हुने अनपेच्छित घटना ।<br>खोप सुरक्षित हुन्छन् तर खोपमा निहित तत्वहरूको गुणले गर्दा कहिलेकाँही अनपेच्छित घटना हुने सम्भावना हुन्छ । जस्तै- **एनाफाइलेक्सिस्** |
| **खोपको गुणस्तरसँग सम्बन्धित प्रतिक्रिया**<br>(Vaccine quality related reaction) | खोप र खोप दिने सामग्रीको गुणस्तर नभएको कारणले हुने अनपेच्छित घटना ।<br>जस्तै- खोपको रङ परिर्वतन भएको, परिमाण धेरै भएको, थिग्रिएको, ढुसी जमेको, राम्रोसँग नघुलिएको खोप जस्ता अस्वाभाविक अवस्थाको खोप, सिरिञ्जको खोल च्यातिएको प्रयोग गर्दा यस प्रकारको घटना हुनसक्छ । त्यसैले त्यस्तो खोप भायल र सिरिञ्जलाई प्रयोग नगरी सम्बन्धित निकायमा खवर गरेर फिर्ता गर्नु पर्दछ । |
| **खोप कार्यक्रम सञ्चालनको क्रममा हुने त्रुटीबाट हुने प्रतिक्रिया**<br>(Immunization error related reaction) | खोप भण्डारण, वितरण, खोप घोल्ने, खोप सिरिञ्जमा तान्ने, खोप लगाउने समय र तरिकामा हुने त्रुटीबाट हुने अनपेच्छित घटना ।<br>जस्तै- खोप लगाएको केही घण्टाभित्र ज्वरो आउने, वान्ता हुने र पानी जस्तो पखाला लाग्ने, खोप लिएको व्यक्ति शिथिल हुने, अर्धचेत अवस्थामा हुने र अचेत अवस्थामा जाने (Toxic Shock Syndrome), सुई दिएको ठाउँ सुन्निने, पाक्ने, आदि ।<br>खोप भण्डारण, वितरण, खोप तयार गर्दा र लगाउँदा अपनाउनु पर्ने सावधानीलाई कडाइकासाथ पालना गरेमा यस प्रकारको असरलाई शुन्यमा ल्याउन सकिन्छ । |
| **सुईको डर वा चिन्ताले देखिने प्रतिक्रिया**<br>(Immunization stress related Response) | यस प्रकारका अवाञ्छित घटना खोप लगाउने डर वा चिन्ताबाट उत्पन्न हुन सक्छ ।<br>त्यसैले खोप(सुई) दिनु अघि खोपको महत्व र खोपको सामान्य प्रतिकूल असरवारे खोप लिने व्यक्ति/अभिभावकलाई राम्रोसँग परामर्श दिदा यस्ता घटनाहरू न्यून हुन्छन् ।<br>यस प्रकारको प्रतिक्रिया सूई नदिँदै, खोप दिँदा-दिँदै वा सूई दिएपछि तुरुन्तै वेहोस हुने, लड्ने (फेन्ट भए जस्तो) हुनसक्छ । |
| **संयोगवस हुने घटना**<br>(Co-incidental event) | खोपको कारणले नभई संयोगवश हुने घटना ।<br>जस्तै- दादुरा-रुबेला खोप लगाएपछि निमोनिया हुनु । |

## ५.३ गम्भीर प्रकारका ए.ई.एफ.आई.को व्यवस्थापन

खोप लगाएपछि हुनसक्ने कुनै पनि गम्भीर प्रकारको अनपेच्छित घटना (ए.ई.एफ.आई.) देखिएमा

- तत्काल उपचार गर्नु पर्दछ ।
- तत्काल प्रतिवेदन गर्नुपर्ने फाराम भरेर स्थानीय स्वास्थ्य संस्था र स्वास्थ्य कार्यालयमा सो प्रतिवेदन पठाउनु पर्दछ ।
- सात दिनभित्र घटनाको अध्ययन गरेर सो को विस्तृत प्रतिवेदन तोकिएको फाराम बमोजिम तयार गरेर प्रदेश स्वास्थ्य निर्देशनालय र स्वा.से.वि. परिवार कल्याण महाशाखामा पठाउनु पर्दछ ।

तर सामान्य प्रकारका ए.ई.एफ.आई.को प्रतिवेदन सन्दर्भमा खोपदिने स्वास्थ्यकर्मीले खोप केन्द्रमा प्रयोग गरिने ट्याली सिटमा उल्लेख गरेर स्थानीय स्वास्थ्य संस्थामा बुझाउनु पर्दछ र स्वास्थ्य संस्थाले मासिक प्रतिवेदनमा उल्लेख गरेर पठाउनु पर्दछ ।

खोपकेन्द्र स्थलमा तत्काल देखिनसक्ने गम्भीर प्रकारका अनपेच्छित घटनाहरू मध्ये यो निर्देशिकामा सुईको डर वा चिन्ताले देखिने प्रतिक्रिया र एनाफाइलेक्सिसको व्यवस्थापन वारे देहाय बमोजिम गर्नु गराउनु पर्दछ ।

## ५.४ सुईको डर वा चिन्ताले देखिने प्रतिक्रिया

सुईको डर वा चिन्ताले गर्दा देखिने प्रतिक्रियालाई Immunization Stress Related Response-ISRR भनिन्छ । यस प्रकारको ए.ई.एफ.आई. खोप नलगाउँदै, खोप लगाउँदा-लगाउँदै वा खोप लगाएपछि तुरुन्तै देखिनसक्छ । तर यस प्रकारको घटना खोपको गुणस्तर वा खोप लगाउने क्रममा हुने त्रुटीको कारणले भएको हुदैन ।

यस प्रकारको ए.ई.एफ.आई. भएमा खोप लगाउने वा खोप लगाएको व्यक्ति वेहोस हुने, मुर्छा पर्ने हुनसक्छ भने छिटो छिटो सास फेर्ने, टाउको दुख्ने, रिंगाटा लाग्ने, हात-मुख वरीपरि झमझम हुने, कम्पन आउने जस्ता लक्षण, चिन्हहरू देखिन्छन् ।

सुईको डर वा चिन्ताले देखिने प्रतिक्रिया प्रायःगरेर १० देखि १९ वर्षका किशोर-किशोरीहरूमा देखिन्छ । एच.पि.भी. खोपको लक्षित समूह पनि उक्त उमेर समूह भित्रका किशोरीहरू हुने भएकोले खापदिने स्वास्थ्यकर्मीले यस प्रकारको घटना हुन नदिन र न्यूनीकरण गर्न देहायका सावधानी अपनाउनु पर्दछ :

- एच.पि.भी. खोप दिनुभन्दा पहिला यो खोपको महत्व र यो खोपबाट हुनसक्ने सामान्य प्रतिकूल असरहरूवारे खोप लिने व्यक्तिलाई राम्रोसँग परामर्श दिने ।
- सुई लगाउँदा अभिभावक पनि सँगै भएमा केही मात्रामा यस्तो डर कम हुने भएकोले अभिभावकलाई सँगै राखेर एच.पि.भी. खोप दिने व्यवस्था मिलाउने ।

- खोप लिन धेरैजना व्यक्तिहरू समूहमा बसीरहेको अवस्थामा एकजना व्यक्तिलाई सुई दिई रहेको र खोपलिने अन्य व्यक्तिहरूले देखीरहेको र खोपलिने व्यक्ति बेहोस भएमा ती अन्य व्यक्तिहरू पनि खोप नलिंदै बेहोस हुन्छन् । त्यसैले एकजनालाई खोप लगाउँदा खोप लगाउन लाइनमा बसेका अन्य व्यक्तिहरूले नदेख्ने व्यवस्था मिलाउने ।
- सुईको डर वा चिन्ताबाट बेहोस हुँदा र एनाफाइलेक्सीसबाट बेहोस हुँदा कतिपय लक्षण र चिन्हहरू एकै प्रकारको जस्तो देखिने भएकोले पहिचान गर्न द्विविधा हुनसक्छ । तर यी दुईवटा अवस्थाको उपचार र व्यवस्थापन फरक छ । त्यसैले खोपदिने स्वास्थ्यकर्मीले यी दुईवटा अवस्था बीच फरक छुट्याउन र त्यसको उपचार र व्यवस्थापन गर्ने ज्ञान र सीप हुनु पर्दछ ।
- बेहोस र एनाफाइलेक्सिस् बीचको फरक छुट्टयाउने आधारहरू

| चिन्ह/लक्षण | बेहोस | एनाफाइलेक्सिस् |
|---|---|---|
| शुरुमा देखिने चिन्ह/लक्षणहरू | सूई देख्ने बित्तिकै, सूई लगाउँदै गर्दा वा सूई लगाउने बित्तिकै हुने । | खोप लगाएको १ घण्टा वा सो भन्दा बढी समयपछि देखिने, प्रायःगरी ५ मिनेटभित्र देखिने । |
| छालामा देखापर्ने लक्षणहरू | शरीर फुस्रो हुँदै जाने, शरीर चिसो हुँदै जाने । | सुई लगाएको भाग वरिपरि रातो हुने, सुनिने, अनुहार र आँखा सुनिने, शरीरभरी विमिराहरू आउने, जीउ चिलाउने । |
| श्वास प्रश्वास सम्बन्धी लक्षणहरू | सामान्य प्रकारले वा लामो-लामो प्रकारले सास फेर्ने । | खोकी लाग्ने, सास फेर्न गाह्रो हुने, सास फेर्दा घ्यार-घ्यार वा स्वाँस्वाँ आवाज आउने, सास फेर्न गाह्रो हुने, हात खुट्टा निलो हुने । |
| रक्त सञ्चार सम्बन्धी लक्षणहरू | मुटुको धड्कन कम हुने, रक्तचाप कम हुने । तर यो क्षणिक हुन्छ र उत्तानो परेर सुत्दा ठिक हुन्छ । | मुटुको धडकन बढ्ने र रक्तचाप कम हुने । |
| पाचन प्रणाली सम्बन्धी लक्षणहरू | वाक-वाकी लाग्ने, वान्ता हुने । | पेट बाउडिने, पेट दुख्ने, वाक्-वाकी लाग्ने, वान्ता हुने । |
| स्नायु प्रणाली सम्बन्धी लक्षणहरू | क्षणिक समयको लागि बेहोस हुने, उत्तानो पारेर वा टाउको तल पारेर सुताएपछि होसमा आउने । हात र खुट्टामा झट्का आएजस्तो हुने र आखाँ पल्टाउने । कम्पन आएजस्तो देखिने तर कम्पन होइन । | धेरै डर, चिन्ता र गाह्रो भएजस्तो हुने ।<br>पूरै बेहोस हुने, उत्तानो पारेर वा टाउको तल पारेर सुताए पनि कुनै प्रतिक्रिया नदिने । |

- सूईको डर वा चिन्ताबाट बेहोस भएका व्यक्तिलाई भूईंमा सुताएर खुट्टालाई टाउको भन्दा माथि हुने गरी केही बेरसम्म राख्नु पर्दछ, अन्य कुनै उपचारको जरुरी हुदैन ।

## ५.५ एनाफाइलेक्सिस्

- एनाफाइलेक्सिस् गम्भीर प्रकारको एलर्जिक प्रतिक्रिया (Severe allergic reaction) हो ।
- खोप लगाएपछि हुनसक्ने गम्भीर प्रकारका घटनाहरू मध्ये एनाफाइलेक्सिस् अत्यन्तै कम वा विरलै हुने घटना हो तर यो अति संवेदनशिल अवस्था हो ।
- एनाफाइलेक्सिस् प्रायः गरेर सूई लगाएको ५ मिनेट देखि ३० मिनेटभित्र देखापर्छ ।
- एनाफाइलेक्सिस् भएको अवस्थामा तत्काल उपचार नभएमा निजको मृत्यु समेत हुनसक्छ । त्यसैले खोपदिने प्रत्येक स्वास्थ्यकर्मीले एनाफाइलेक्सिस् भएको पहिचान गर्न र त्यसको तत्काल उपचार गर्न सक्षम हुनुपर्छ ।
- खोप सेवा सञ्चालन गर्दा प्रत्येक खोप केन्द्रमा ए.ई.एफ.आई. किट उपलब्ध हुनुपर्छ । यदि ए.ई.एफ.आई. किट उपलब्ध छैन भने खोप सेवा सञ्चालन गर्नु हुदैन ।
- ए.ई.एफ.आई. किटमा एड्रिनालिन सूई कम्तिमा २ एम्पुल र १ मि.लि.को डिस्पोजेबल सिरिञ्ज कम्तिमा ६ वटा हुनुपर्छ ।
- १ मि.लि.को डिस्पोजेबल सिरिञ्जमा १० वटा ०.१ एम.एल.को धर्का हुनुपर्छ जसमा १०० वटा ०.०१ एम.एल मात्रा भएको धर्का हुनुपर्छ ।




- एड्रिनालिन सूई 1:1000 Concentration, 1 mg/ml, भएको हुनुपर्छ ।
- एड्रिनालिन सूईको म्याद गुज्रने मिति छोटो हुने भएकोले यसको म्याद गुज्रेको छ कि छैन भनेर नियमित रुपमा जाँच गर्नुपर्छ र म्याद गुज्रेको छ भने नयाँ आपूर्ति गर्नुपर्छ ।

## ५.६ एनाफाइलेक्सिस्को तत्काल गर्नुपर्ने उपचार र व्यवस्थापन

- तत्काल पहिलो मात्रा एड्रिनालिन सूई मासुभित्र दिने ।
- एड्रिनालिन सूईको मात्रा उमेर अनुसार फरक हुन्छ :
  - १० वर्ष देखि १३ वर्षसम्मको किशोरीलाई ०.४ मि.लि. दिने ।
  - १४ वर्षको किशोरी वा सो भन्दा माथिको व्यक्तिलाई ०.५ मि.लि. दिने ।

- ५ देखि १५ मिनेटभित्र विरामीको अवस्थामा सुधार नआएमा दोस्रो मात्रा एड्रिनालिन सूई दिने ।
- दोस्रो पटक एड्रिनालिन सूई दिएपछि पुन : ५ मिनेट देखि १५ मिनेटसम्म विरामीको अनुगमन गर्ने र विरामीको अवस्थामा सुधार नभएमा तेस्रो पटक एड्रिनालिन सूई दिने ।
- एड्रिनालिन सूई बढीमा तीन पटकसम्म मात्र दिन सकिन्छ र यो सूई एक पटकमा ०.५ मि.लि. भन्दा बढी दिनु हुदैन ।
- एड्रिनालिन सूई दिएको मात्रा र सो को अभिलेख राख्नु पर्दछ ।
- विरामी बेहोस भएमा होसमा आएपछि विरामीको टाउको खुट्टाको सतहभन्दा तल गराउने, विरामीलाई न्यानो गराई राख्ने, उपलब्ध भएमा विरामीलाई अक्सिजन दिने र आवश्यक परेमा विरामीलाई थप उपचारका लागि अस्पतालमा प्रेषण गर्ने ।
- विरामीको विवरण ए.ई.एफ.आई. व्यवस्थापन केन्द्रको संयोजक, स्वास्थ्य संस्था प्रमुख र स्वास्थ्य कार्यालय प्रमुखलाई टेलिफोनबाट जानकारी गराउने ।
- विरामीको अवस्थावारे अभिभावकलाई जानकारी गराउने ।
- ए.ई.एफ.आई.को तत्काल गर्नुपर्ने प्रतिवेदन फाराम भरेर स्थानीय स्वास्थ्य संस्था र स्वास्थ्य कार्यालयमा प्रतिवेदन गर्ने ।
- सात दिनभित्र घटनाको अध्ययन गरेर सो को विस्तृत प्रतिवेदन तोकिएको फाराम बमोजिम तयार गरेर प्रदेश स्वास्थ्य निर्देशनालय र स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखामा पठाउने ।
- सामान्य प्रकारका ए.ई.एफ.आई.को प्रतिवेदन ट्याली सिटमा उल्लेख गर्ने र सबै तहले आ-आफ्नो प्रतिवेदनमा उल्लेख गर्ने ।

भाग ६

# एच.पि.भी. खोप सेवासँगै महिनावारी स्वास्थ्य र सरसफाइको प्रवर्द्धन

एच.पि.भी. खोपले ह्यूमन प्यापिलोमा भाइरसको कारणबाट हुने पाठेघरको मुखको क्यान्सर हुनबाट सुरक्षित गर्दछ । त्यसैले यो खोप सेवाले किशोरीहरूको स्वास्थ्यमा दीर्घकालीन महत्व राखेको हुन्छ । एच.पि.भी. खोप सेवासँगै महिनावारी स्वास्थ्य र सरसफाइ (Menstrual Health and Hygiene- MHH) प्रवर्द्धन गर्ने उपयुक्त अवसर रहेको देखिन्छ । किनभने एच.पि.भी. खोप सेवाको लक्षित समूह महिनावारी सुरुवात हुने उमेरका किशोरीहरू हुने भएकोले यो उमेर समूहका किशोरीहरूलाई महिनावारी स्वास्थ्य र सरसफाइवारे जनचेतना अभिवृद्धि गरेर त्यससम्बन्धी गलत धारणा निवारण गर्न र प्रजनन् अङ्गको सरसफाइ गरेर विभिन्न संक्रमण हुनबाट सुरक्षित गर्न सकिन्छ । परिणाम स्वरुप किशोरीहरूले आफ्नो शारीरिक र मानसिक स्वास्थ्यप्रति सचेत हुँदै सकारात्मक व्यवहारको विकास गर्न सहयोग पुग्छ । साथै महिनावारी स्वास्थ्य र सरसफाइका कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्दा किशोरीहरूको विद्यालय जाने दरमा समेत सुधार हुन्छ ।

महिनावारी हुँदा प्रजनन् अङ्गको सरसफाइ आवश्यक हुन्छ । तर सरसफाइको कमीले प्रजनन् अङ्गमा संक्रमण हुनसक्ने भएको निम्न तरिकाबाट सरसफाइमा ध्यान दिनु पर्दछ भन्ने विषयहरूलाई एच.पि.भी. खोप सेवा सञ्चालन सम्बन्धी अभिमुखीकरण, छलफल, अन्तरक्रिया कार्यक्रम गर्दा समावेश गरेर चर्चा गर्न उपयुक्त हुन्छ :

- महिनावारी भएको बेलामा साबुनको प्रयोग गरेर नियमित रुपमा नुहाउने ।
- महिनावारी भएको समयमा हुने रगतमा गन्ध हुने भएकाले नुहाउँदा यौन अङ्गलाई विशेष रुपमा सफा गर्ने ।
- महिनावारीको रगत सोस्नलाई स्यानिटेरी प्याड वा सफा सुती कपडाको प्रयोग गर्ने ।
- स्यानीटरी प्याड प्रयोग गर्दा एउटै प्याड ४-६ घण्टा भन्दा बढी प्रयोग नगर्ने ।
- महिनावारी भएको बेलामा हल्का किसिमको व्यायामको र नियमित कामहरू पनि गर्ने ।
- प्रयोग गरेका प्याडहरूलाई जथाभावी नफालीकन उचित तरिकाले विसर्जन गर्ने ।

☛ **महिनावारी भएको बेलामा पनि एच.पि.भी. खोप लगाउन हुन्छ । त्यसैले एच.पि.भी. खोप अभियान सञ्चालन भएको बेलामा महिनावारी भएको छ भने पनि खोप केन्द्रमा गई यो खोप लगाउनु पर्दछ ।**

भाग ७

# बजेटको व्यवस्था र खर्च गर्ने आधार

आ.व. २०८१/८२ मा सञ्चालन गरिने एच.पि.भी. खोप अभियानको लागि प्रदेश तह, जिल्ला र स्थानीय तहमा खर्च गर्ने गरी उपलब्ध गराइने बजेटको र खर्च गर्ने आधार देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | क्रियाकलाप/खर्च शीर्षक | खर्च गर्ने निकाय | खर्च गर्ने आधार | स्रोत |
|---|---|---|---|---|
| १. | प्रदेशस्तरीय अभिमुखीकरण तथा योजना तर्जुमा गोष्ठि (२ दिन) | प्रदेश स्वास्थ्य निर्देशनालय | - स्रोतव्यक्ति/सहजकर्ता भत्ता : नेपाल सरकारको नियमानुसार<br>- स्रोतव्यक्ति/सहजकर्ताको दैनिक भत्ता, यातायात खर्च: नेपाल सरकारको नियमानुसार<br>- गैरस्थानीय सहभागीको दैनिक भत्ता, यातायात खर्च : नेपाल सरकारको नियमानुसार<br>- स्थानीय सहभागीको यातायात खर्च : रु. ५००/- x २ तर्फी x २ दिन, प्रति व्यक्ति<br>- लेखा/प्रशासन यातायात खर्च : रु. ५००/- x २ तर्फी x २ दिन, प्रति व्यक्ति<br>- सवारी चालकको लागि दैनिक भत्ता : नेपाल सरकारको नियमानुसार<br>- स्टेशनरी (फोटोकपी/नोट बुक, पेन, आदि) : रु. ३००/- प्रति व्यक्ति<br>- बैठक/गोष्ठिको व्यवस्थापन प्याकेज : रु. १,०००/- प्रति व्यक्ति x २ दिन<br>- विविध खर्च (ब्यानर, आदि) : रु. ५,०००/- प्रति ब्याच<br>- सहभागी र स्रोतव्यक्ति/सहजकर्ता सम्बन्धी अन्य विवरण स्वीकृत बजेट सिट अनुसार गर्ने । | गाभी |
| २. | प्रदेशस्तरीय खोप समन्वय समिति तथा सञ्चारकर्मीहरूको अभिमुखीकरण र बहस-पैरवी बैठक (१ दिन) | प्रदेश स्वास्थ्य निर्देशनालय | - स्रोतव्यक्ति/सहजकर्ता भत्ता : नेपाल सरकारको नियमानुसार<br>- स्टेशनरी : नेपाल सरकारको नियमानुसार<br>- खाजा खर्च : नेपाल सरकारको नियमानुसार<br>- विविध खर्च (हल भाडा, ब्यानर, आदि) : रु. ५,०००/-<br>- सहभागी र स्रोतव्यक्ति/सहजकर्ता सम्बन्धी अन्य विवरण स्वीकृत बजेट सिट अनुसार गर्ने । | गाभी |

| क्र.सं. | क्रियाकलाप/खर्च शीर्षक | खर्च गर्ने निकाय | खर्च गर्ने आधार | स्रोत |
|---|---|---|---|---|
| ३. | एच.पि.भी. खोप सेवा सञ्चालन २०८१ को सुरुवात कार्यक्रम (प्रदेश तहमा) | प्रदेश स्वास्थ्य निर्देशनालय | - स्रोतव्यक्ति/सहजकर्ता भत्ता : नेपाल सरकारको नियमानुसार<br>- स्थानीय सहभागीको यातायात खर्च : नेपाल सरकारको नियमानुसार<br>- खाजा खर्च : नेपाल सरकारको नियमानुसार<br>- समारोह व्यवस्थापन खर्च (मञ्च बनाउने, टेण्ट राख्ने, ब्याज बनाउने, माइक, भिडियो रेकर्डिंग, कार्यक्रम उदघोषक, आदि) : रु. ५०,०००/-<br>- सहभागी र स्रोतव्यक्ति/सहजकर्ता सम्बन्धी अन्य विवरण स्वीकृत बजेट सिट अनुसार गर्ने । | गाभी |
| ४. | खोप तथा खोप सामग्रीको ढुवानी तथा सुपरीवेक्षण/अनुगमन | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | एच.पि.भी. खोप अभियान तथा नियमित खोपमा सुरुवात शीर्षकमा विनियोजित बजेटबाट खर्च गर्ने :<br>- प्रदेश खोप भण्डारबाट जिल्ला खोप भण्डारसम्म खोप तथा खोप सामग्री ढुवानी गर्दा कर्मचारीको दैनिक भत्ता र इन्धनको लागि<br>- कोल्डचेन उपकरणको सञ्चालन/स्याहार-सम्भार एवम् सुपरीवेक्षण र अनुगमन (प्रदेश तहबाट जिल्ला र स्थानीय तहमा)<br>- विनियोजित बजेट रकमको सीमाभित्र रही नेपाल सरकारको नियमानुसार खर्च गर्ने । | नेपाल सरकार |
| ५. | एच.पि.भी. खोप अभियान तथा नियमित खोपमा सुरुवातको सुपरीवेक्षण/अनुगमन | प्रदेश स्वास्थ्य निर्देशनालय | एच.पि.भी. खोप अभियान तथा नियमित खोपमा सुरुवात शीर्षकमा विनियोजित बजेटबाट खर्च गर्ने :<br>- एच.पि.भी. खोप अभियान तथा नियमित खोपमा सुरुवातको सुपरीवेक्षण/अनुगमन (प्रदेश तहबाट जिल्ला र स्थानीय तहमा)<br>- विनियोजित बजेट रकमको सीमा भित्र रही नेपाल सरकारको नियमानुसार खर्च गर्ने । | नेपाल सरकार |
| ६. | जिल्लास्तरीय अभिमुखीकरण तथा योजना तर्जुमा गोष्ठि (२ दिन) | स्वास्थ्य कार्यालय | यो गोष्ठि सञ्चालनको लागि गाभी स्रोत तथा नेपाल सरकारको स्रोत तर्फको बजेटबाट निम्नानुसार खर्च गर्ने जसमा पहिलो दिनको सम्पूर्ण खर्च एवं दैनिक भ्रमण भत्ता (आते जाते दुबैतर्फको) र यातायात खर्च गाभी स्रोतको रकमबाट खच गर्ने र दोस्रो दिनको खर्च मात्र नेपाल सरकारको स्रोत तर्फको रकमबाट खर्च गर्ने ।<br>- स्रोतव्यक्ति/सहजकर्ता भत्ता : नेपाल सरकारको नियमानुसार<br>- स्थानीय सहभागीको यातायात खर्च : नेपाल सरकारको नियमानुसार | गाभी |

| क्र.सं. | क्रियाकलाप/खर्च शीर्षक | खर्च गर्ने निकाय | खर्च गर्ने आधार | स्रोत |
|---|---|---|---|---|
| | | | - गैरस्थानीय सहभागीको दैनिक भत्ता, यातायात खर्च : नेपाल सरकारको नियमानुसार<br>- लेखा/प्रशासन यातायात खर्च : रु. ५००/- x २ तर्फी, प्रति व्यक्ति<br>- कार्यालय सहयोगीको भत्ता : रु. ३००/- प्रति व्यक्ति, प्रति दिने<br>- स्टेशनरी (नोट बुक, पेन) : नेपाल सरकारको नियमानुसार<br>- खाजा खर्च : नेपाल सरकारको नियमानुसार<br>- विविध खर्च (ब्यानर, फोटोकपी, मार्कर पेन, न्यूजप्रिण्ट पेपर, हल भाडा, आदि): रु. ५,०००/-प्रति ब्याच<br>- सहभागी र स्रोतव्यक्ति/सहजकर्ता सम्बन्धी अन्य विवरण स्वीकृत बजेट सिट अनुसार गर्ने । | |
| | | | - जिल्लास्तरीय अभिमुखीकरण तथा योजना तर्जुमा गोष्ठि २ **दिन गर्दा गाभी श्रोत अन्तर्गत १ दिनको लागि मात्र बजेट स्वीकृत भएको हुँदा थप १ दिनको लागि आवश्यक पर्ने रकम नेपाल सरकार श्रोत** तर्फ "एच.पि.भी. खोप अभियान तथा नियमित खोपमा सुरुवात कार्यक्रम" मा विनियोजित बजेटबाट स्वीकृत गराई उपरोक्त बमोजिम नियमानुसार खर्च गर्ने । | नेपाल सरकार |
| ७. | जिल्लास्तरीय खोप समन्वय समिति तथा सञ्चारकर्मीको अभिमुखीकरण बैठक (१ दिन) | स्वास्थ्य कार्यालय | - स्रोतव्यक्ति/सहजकर्ता भत्ता : नेपाल सरकारको नियमानुसार<br>- सहभागीको यातायात खर्च : नेपाल सरकारको नियमानुसार<br>- खाजा खर्च : नेपाल सरकारको नियमानुसार<br>- विविध खर्च (ब्यानर, फोटोकपी, हल भाडा, आदि) : रु. ५,०००/- प्रति ब्याच<br>- सहभागी र स्रोतव्यक्ति/सहजकर्ता सम्बन्धी अन्य विवरण स्वीकृत बजेट सिट अनुसार गर्ने । | गाभी |
| ८. | जिल्ला, स्थानीय तह, स्वास्थ्य संस्था तहबाट सुपरीवेक्षण तथा अनुगमन | स्वास्थ्य कार्यालय | - गैरस्थानीय सुपरीवेक्षकको दैनिक भत्ता, यातायात खर्च : नेपाल सरकारको नियमानुसार<br>- स्थानीय तह/वडाका सुपरीवेक्षकको यातायात खर्च : रु. १,०००/- प्रति व्यक्ति x प्रति दिन<br>- स्थानीय स्वास्थ्य संस्थाको सुपरीवेक्षकको यातायात खर्च ८००/- प्रति व्यक्ति x प्रति दिन ।<br>- सुपरीवेक्षकको संख्या र अवधिको सम्बन्धमा स्वीकृत बजेट सिटको आधारमा गर्ने । | गाभी |

| क्र.सं. | क्रियाकलाप/खर्च शीर्षक | खर्च गर्ने निकाय | खर्च गर्ने आधार | स्रोत |
|---|---|---|---|---|
| ९. | स्वास्थ्यकर्मीको तालिम (१ दिन) | स्वास्थ्य कार्यालय (स्थानीय तहको समन्वयमा) | - स्वास्थ्यकर्मीको तालिम (१ दिन), स्थान : स्थानीय तहको कार्यपालिका कार्यालय रहेको स्थान वा पायक पर्ने स्थान<br>- गैरस्थानीय स्रोतव्यक्ति/सहजकर्ताको भत्ता, दैनिक भ्रमण भत्ता र यातायात खर्च : नेपाल सरकारको नियमानुसार<br>यो तालिमको लागि स्थानीय तहमा नेपाल सरकार श्रोत तर्फ बजेट विनियोजित गरिएको हुँदा जिल्लास्तरीय अभिमुखीकरण तथा योजना तर्जुमा गोष्ठिमा तयार गरिएको यो क्रियाकलाप सञ्चालन गर्न स्थानीय तहमा विनियोजन बजेट अपुग भएमा गाभी स्रोत तर्फको यो शीर्षकमा स्वीकृत बजेटको परिधीभित्र रही अपुग रकम खर्च गर्न सकिने ।<br>स्वास्थ्यकर्मीको तालिम सम्बन्धी अन्य खर्च स्थानीय तहमा विनियोजित "एच.पि.भी. खोप अभियानको स्थानीय तहमा सञ्चालन खर्च" शीर्षकबाट नेपाल सरकारको नियमानुसार खर्च गर्ने । | गाभी |
| १०. | अन्य संचालन खर्च (प्रचार-प्रसार, सामाजिक परिचालन र अभियान सुरुवात कार्यक्रम) | स्वास्थ्य कार्यालय | क्रियाकलाप<br>- रेडियो, एफ.एम. पत्रपत्रिका, माईकिंग र सामाजिक परिचालन, आदि ।<br>- जिल्ला तहमा एच.पि.भी. खोप अभियानको शुभारम्भ कार्यक्रम<br>- माथि उल्लेखित क्रियालापहरूको लागि गाभी श्रोत तर्फ स्वीकृत बजेटको परिधिभित्र रही खर्च गर्ने र यो शीर्षकको बजेट अपुग भएमा नेपाल सरकार श्रोत तर्फ "एच.पि.भी. खोप अभियान तथा नियमित खोपमा सुरुवात कार्यक्रम" मा विनियोजित बजेटबाट स्वीकृत गराई नियमानुसार खर्च गर्ने । | गाभी |
| ११. | खोपदिने स्वास्थ्यकर्मी र स्वयंसेवकको यातायात खर्च | स्वास्थ्य कार्यालय | - खोपदिने स्वास्थ्यकर्मीको यातायात खर्च : रु. ७००/- प्रति व्यक्ति प्रति दिन<br>- स्वयंसेवकको यातायात खर्च : रु. ४००/- प्रति व्यक्ति प्रति दिन<br>- खोपदिने स्वास्थ्यकर्मीको संख्या र स्वयंसेवकको संख्याको सम्बन्धमा स्वीकृत बजेट सिट अनुसार गर्ने ।<br>- विनियोजित बजेट भन्दा थप खोप टोली (खोपदिने स्वास्थ्यकर्मी र स्वयंसेवक) जरुरी भएमा नेपाल सरकारको स्रोतको बजेटबाट व्यवस्थापन गर्ने । | गाभी |

| क्र.सं. | क्रियाकलाप/खर्च शीर्षक | खर्च गर्ने निकाय | खर्च गर्ने आधार | स्रोत |
|---|---|---|---|---|
